पूर्णाङ्क ४, त्रैमासिक
२०७२ वैशाख/असार

# प्राज्ञिक संसार

**Academia**
Music-Drama Bulletin
संगीत-नाट्य बुलेटिन

www.namuda.org.np

## एक दशकपछि
# राष्ट्रिय नाटक महोत्सव



मुलुकको १०० स्थानमा भव्य भयो सांस्कृतिक अभियान

चार स्रष्टालाई संगीत नाट्य प्रज्ञा पुरस्कार



## सार्क कल्चरलमा नेपाली लोकनृत्य

## सम्पादकीय

# भूकम्प प्रभावितसँग संगीत तथा नाट्य प्रतिष्ठान

गत १२ वैशाख नेपालीहरूका लागि त्रासदीमय दिन सावित भयो । त्यसदिन आएको ७.६ म्याग्निच्युटको भूकम्पले सयौं नेपालीको मृत्यु हुनुका साथै खर्बौं रूपैयाँको क्षति नेपालले बेहोर्नुपर्‍यो । अझ १३ वैशाखको ६.९ म्याग्निच्युटको धक्का र २९ वैशाखको पुनः ६.८ म्याग्निच्युटको धक्काले ठूलो जनधनको क्षतिका साथै नेपालीमा मनोवैज्ञानिक असर पुर्‍यायो । भूकम्पबाट करिब १० हजार नेपालीको ज्यान गयो भने करिब ३० हजार घाइते भए । पाँच लाखभन्दा बढी घरहरू पूर्णरूपमा ध्वस्त भए । लाखौं नेपालीहरू घरबार र गाँसवासविहीन हुन पुगे । विगत तीन महिनादेखि दैनिक रूपमा भूकम्पको परकम्पन आइरहेका छन् ।

भूकम्पपछि आफू सुरक्षित रहनु र अरूलाई पनि सुरक्षित राख्नु मानवीय दायित्व हो । यसै क्रममा गत वैशाखको भूकम्पबाट नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान पनि अछुतो रहन सकेन । भूकम्पबाट प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उन्नति बोहोरा 'शिला' घाइते हुनुभयो भने प्रतिष्ठानका पदाधिकारी र कर्माचारीका घरहरू भत्किए । भूकम्पमा नेपाली संगीत र नाट्य क्षेत्रका सयौं कलाकारका घरहरू भत्किए भने दर्जनौ कलाकार घाइते हुन पुगे । सर्वप्रथम यस प्रतिष्ठान भूकम्पबाट मृत्यु भएकाप्रति हार्दिक श्रद्धाञ्जली र घाइतेप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

१२ वैशाखको भूकम्पपछि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान पनि राहत वितरणमा जुट्यो । प्रतिष्ठानका तर्फबाट भूकम्प प्रभावित काठमाडौं, भक्तपुर, सिन्धुपाल्चोक, धादिङ जस्ता जिल्लामा राहत वितरण गरियो । भूकम्पका ठूल्ठूला धक्का जारी रहँदा पनि प्रतिष्ठान राहत वितरणमा निरन्तर जुट्यो । २९ वैशाखको शक्तिशाली धक्कापछि भूकम्प प्रभावित जिल्लाहरूको जनमानस अझ त्रसित हुन पुग्यो । हजारौं स्कुल भत्किएका कारण त्रासले विद्यार्थीहरू पढ्न जान सकिरहेका थिएनन् । भूकम्पका कारण सर्वसाधारणहरू आफ्नो घरमा बस्न सकिरहेका थिएनन् । यसै क्रममा प्रतिष्ठानले भूकम्पबाट प्रभावितहरूलाई संगीत, नृत्य, प्रहसनबाट थेरापी दिँदै उनीहरूमा भूकम्पको त्रास कम गरेर सामान्य जीवनतर्फ ल्याउन भूकम्प प्रभावित जिल्लामा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' सञ्चालन गर्‍यो । सो अभियान अन्तर्गत कुलपति भक्त श्रेष्ठ 'सरूभक्त'ले पश्चिमाञ्चल, उपकुलपति शम्भुजीत बासकोटाले काठमाडौं उपत्यका र आसापासका जिल्ला तथा सदस्य सचिव गणेश रसिकले सुदूरपूर्वका चार जिल्लाका विभिन्न स्थानमा सांस्कृतिक अभियान सञ्चालन गर्नुभयो ।

यस्तै, प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले तराईका पाँच जिल्ला, प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले पूर्वाञ्चल तथा मध्यमाञ्चलका ११ जिल्ला, प्राज्ञ परिषद् सदस्य माधव प्रधानले काठमाडौं उपत्यका र पूर्व गरेर तीन जिल्लामा सांस्कृतिक अभियान सञ्चालन गर्नुभयो । यस्तै, प्राज्ञ परिषद् सदस्यहरू उन्नति बोहोरा 'शिला' ले काठमाडौं उपत्यका र दोलखा, पवित्रा घर्तीमगरले राप्तीका विभिन्न स्थान र पुष्करबहादुर गुरूङले दोलखामा सांस्कृतिक अभियान सञ्चालन गर्नुभयो । भूकम्पका धक्काहरू आइरहँदा पनि प्रतिष्ठानका पदाधिकारी र कलाकारहरू निरन्तर सांस्कृतिक अभियानमा जुटी रहे । मुलुकका एक सय स्थानमा गत जेठको दोस्रो सातादेखि असारको अन्तिमसम्म आयोजित सांस्कृतिक अभियानले भूकम्पबाट प्रभावित विद्यार्थी, महिला तथा सर्वसाधारणलाई मनोरञ्जन प्रदान गर्नुका साथै त्रास कम गराउँदै सामान्य जीवनमा फर्काउन सहयोग गर्‍यो । गीत, संगीत, नृत्य, नाटकको संरक्षण, प्रवर्द्धन र विकासमा क्रियाशील प्रतिष्ठान आउँदा दिनमा पनि मुलुकबासीलाई आइपरेका यस्ता आपत विपतमा सधैं साथ रहने अठोट व्यक्त गर्दछ ।

## विषय-सूची


उपकुलपति बासकोटा सम्मानित | ३

एक दशकपछि राष्ट्रिय नाटक महोत्सव | ५

चार स्रष्टालाई संगीत नाट्य प्रज्ञा पुरस्कार



१०

प्रधानमन्त्रीलाई रकम हस्तान्तरण | १२

सुदूरपूर्वका ११ जिल्लामा सांस्कृतिक अभियान | १३

**ओखलढुंगा,सोलु र उदयपुरमा सांस्कृतिक अभियान** | १६

उपत्यकामा भव्य भयो सांस्कृतिक अभियान | १९

दोलखामा थिएटर थेरापी | २५

पश्चिमाञ्चलका २१ स्थानमा सांस्कृतिक अभियान | २६

राप्तीका तीन जिल्लामा नाचगान र प्रहसन थेरापी | २९

तराईका पाँच जिल्लामा नाट्य थेरापी | ३०

सार्क कल्चरलमा नेपाली लोकनृत्य | ३१

# उपकुलपति बासकोटा सम्मानित



काठमाडौं । नेपाली लोकबाजा सारंगीको संरक्षण एवं जगेर्ना गरेको ठहरसहित नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटालाई नेपाली सेनाले असारको तेस्रो साता सम्मान गरेको छ ।

नेपाली सेनाको एक समूहलाई सारंगी तालिम गराउन एवं सारंगी अर्केस्ट्रा स्थापना गर्न यसको परिकल्पनाकारको रूपमा मुख्य भूमिका निर्वाह गरी योगदान पुऱ्याएको भन्दै बासकोटालाई सम्मान गरिएको हो ।

'भूतपूर्व सैनिक सम्मेलन तथा मध्यमाञ्चल भेटघाट कार्यक्रम-०७२' मा प्रधानसेनापति गौरवशमशेर जबराले बासकोटालाई सो सम्मान प्रदान गरे । बासकोटाले नेपाली संगीत क्षेत्रमा पुऱ्याएको योगदानको बारेमा पनि कार्यक्रममा चर्चा गरिएको थियो । कार्यक्रममा बहालवाला तथा भूतपूर्व रथीहरूका साथै अधिकृतहरूको उपस्थिति रहेको थियो ।



# भूकम्प पीडितलाई राहत वितरण

सिन्धुपाल्चोक । गत १२ वैशाख र त्यसपछिको विनाशकारी भूकम्पबाट पीडित भएकालाई नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले राहत सामग्री प्रदान गरेको छ । सिन्धुपाल्चोकस्थित मेलम्चीका भूकम्पपीडितका लागि प्रतिष्ठानद्वारा २० वैशाखमा विभिन्न राहत सामग्री वितरण गरिएको हो ।

प्रतिष्ठानका सदस्यसचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्यहरू रमेशरञ्जन झा, माधव प्रधान, उदय श्रेष्ठ, पुष्कर गुरूङ र पवित्रा घर्ती मगरले सो राहत हस्तान्तरण गर्नुभएको हो । भूकम्पपीडित मेलम्चीवासीलाई राहतस्वरूप चामल, दाल, चिउरा, दालमोठ, चाउचाउ, बिस्कुटलगायतका एक ट्रक खाद्य सामग्री प्रदान गरिएको थियो ।

यस्तै, प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको सक्रियतामा नातिकाजी स्मृति समाजसँग सहकार्य गरेर प्रतिष्ठानले २२ वैशाख र त्यसपछि भूकम्पपीडित कलाकारलाई राहत वितरण गरेको छ । उहाँकै सक्रियतामा काठमाडौंको गोलढुंगा, भक्तपुर, ललितपुरको खोकनालगायतका विभिन्न स्थानमा राहत वितरण गरियो ।

पीडित नाट्यकर्मी, संगीतकर्मी तथा अन्य विधाका कलाकारलाई प्रतिष्ठानको कार्यालयमै बेलाएर राहत प्रदान गरिएको थियो । नातिकाजी स्मृति समाजबाट प्राप्त २५ बोरा चामल, २५ पोका (५० केजी) दाल, २५ लिटर तेल, २५ पाकेट नुनसहित विभिन्न खाद्य सामग्री राहतस्वरूप वितरण गरिएको प्रतिष्ठानका उपकुलपति बासकोटाले जानकारी गराउनुभयो ।

# भूकम्पपीडितको सहयोगार्थ राहत कोष स्थापना

काठमाडौं । यसपटकको विनाशकारी भूकम्पबाट पीडितहरूका लागि सहयोग गर्न नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारीहरूबाट २० वैशाखमा 'नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान भूकम्पपीडित राहत कोष' स्थापना गरिएको छ । नेपाल एसबीआई बैंक लि., दरबारमार्ग, काठमाडौं शाखामा २ लाख ९५ हजार ३ सय ७३ रूपैयाँ बीज रकमको रूपमा जम्मा गरी सो कोष स्थापना गरिएको हो । सो रकम प्रतिष्ठानका पदाधिकारी र कर्मचारीद्वारा आफ्नो तलबबाट कटौती गरेर जम्मा गरिएको प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले जानकारी गराउनुभयो । भूकम्पपीडितहरूको राहतका लागि नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानद्वारा नेपाल एसबीआईं बैंक लि., दरबारमार्ग, काठमाडौं शाखामा खाता नं. १७७२५२४०२००६४१ मा जोकोहीले पनि सहयोग रकम जम्मा गर्न सक्नेछन् । कोषमा जम्मा भएको रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरी प्रधानमन्त्री सुशील कोइरालालाई हस्तान्तरण गरिनेछ ।

कोषमा रकम जम्मा गरी सहयोग गर्न सम्पूर्ण स्वदेशी तथा विदेशी कलाकर्मी, रंगकर्मी, स्रष्टा, संगीत तथा नाट्यप्रेमी, आम नागरिक, निजी क्षेत्र, राष्ट्रसेवक, विश्वसमुदायलगायत इच्छुक महानुभावहरूलाई नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले आह्वान गरेको छ ।



# अनेसास अध्यक्ष विश्वकर्मा सम्मानित

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले अन्तराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)का केन्द्रीय अध्यक्ष पदम विश्वकर्मालाई अन्तर्राष्ट्रियस्तरमा नेपाली साहित्यको विकासमा टेवा पुऱ्याएको भन्दै १९ जेठमा प्रतिष्ठानमै सम्मान गरेको छ । प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' ले उहाँलाई सम्मान प्रदान गर्नुभएको हो । भूकम्पपीडितका लागि राहत बाँड्न अध्यक्ष विश्वकर्मा अमेरिकाबाट काठमाडौं आउनुभएको हो ।

सम्मान कार्यक्रममा देश-विदेशमा अनेसास र प्रतिष्ठानले विभिन्न कार्यक्रम संयुक्त रूपमा गर्ने सहमति पनि भयो । केही महिनाअघि नै अनेसास अमेरिकाले गर्न लागेको कार्यक्रममा प्रतिष्ठानका कुलपति सरूभक्त र उपकुलपति शम्भुजीत बोसकोटालाई बोलाइएको थियो । त्यतिबेला कार्यव्यस्तताका कारण कार्यक्रममा सहभागी हुन नसके पनि अब संयुक्त रूपमा संगीत नाट्य र साहित्यको कार्यक्रम गर्ने कुलपति सरूभक्तले बताउनुभयो, 'अमेरिकालगायत विभिन्न देशमा यस प्रतिष्ठानले संगीत तथा नाट्य कार्यक्रम गर्दैछ । साहित्यलाई समेत जोडेर ती स्थानमा प्रतिष्ठान र अनेसासले अब संयुक्त कार्यक्रम गर्नेछ ।' कुलपति सरूभक्तले भन्नु भयो, 'गीत-संगीत, नाटक र साहित्यको विकासमा अब हामीहरूले स्वदेश तथा विदेशमा हातेमालोसहित कार्यक्रम गर्नेछौं ।'

आफूलाई सम्मान गरिएकोमा अध्यक्ष विश्वकर्माले खुसी व्यक्त गर्दै भन्नुभयो, '३६ देशमा शाखा भएको अनेसासले नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको साथ पाउँदा धेरैभन्दा धेरै काम गर्नेछ ।' आगामी दिनमा अमेरिका, जापान, बेल्जियम र अस्ट्रेलियामा हुन लागेको अनेसासको सम्मेलनका लागि उहाँले प्रतिष्ठानका कुलपति, उपकुलपति तथा प्राज्ञलाई निम्ता पनि दिनुभयो ।

उपकुलपति बासकोटाले दुई संस्थाको यो सम्बन्धले गीत-संगीत, नाटकसँगै साहित्यको विकासमा पनि मद्दत पुग्ने बताउनुभयो । नेपाली कला, साहित्य र संस्कृतिलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने धारणा उहाँले कार्यक्रममा राख्नुभयो । अनेसासका केन्द्रीय उपाध्यक्ष राधेश्याम लेकालीले काठमाडौंमा भाषा साहित्य अध्ययन केन्द्र स्थापना गर्ने र त्यहाँ संगीत नाट्य सामग्री राखिने जानकारी गराउनुभयो ।



# एक दशकपछि राष्ट्रिय नाटक महोत्सव

काठमाडौं । काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा गत ६ देखि ८ वैशाखसम्म 'राष्ट्रिय नाटक महोत्सव-२०७२' सम्पन्न भयो । २०६२/०६३को जनआन्दोलनपछि रोकिएको राष्ट्रिय नाटक महोत्सवलाई एक दशकपछि यसपटकदेखि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको हो ।

उपप्रधान तथा गृहमन्त्री बवमदेव गौतमले गत ६ वैशाखमा नेपाल प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा 'राष्ट्रिय नाटक महोत्सव-२०७२'को उद्घाटन गर्नुभयो । उहाँले महोत्सवको एउटा संवाद बाचनसहित उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा उपप्रधानमन्त्री गौतमले आफू नाटकको राम्रो दर्शक भएको बताउनुभयो । कार्यक्रममा उहाँले भन्नु भयो, 'राष्ट्रिय नाटक महोत्सव फेरि सुरू भएको छ । यसले नेपाली नाटकको विकासमा मद्दत पुऱ्याउने विश्वास मैले लिएको छु ।'

कविता र गीत सिर्जना गर्दा आफूलाई एक किसिमको आनन्द आउने उहाँले बताउनुभयो । आफ्नो रचनामा गीतिसंग्रहसमेत ल्याइसक्नुभएका उपप्रधानमन्त्री गौतमले उपप्रधानमन्त्री भएपछि समय अभावले केही समययताबाट गीत तथा साहित्य सिर्जना गर्न नसकेको कार्यक्रममा खुलासा गर्नुभयो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले उद्घाटन समारोहलाई सम्बोधन गर्दै २०६२ सालपछि रोकिएको नाटक महोत्सवलाई आफूहरूले पुनः सुरु गरेको जानकारी गराउनुभयो ।

२०३५ सालमा पोखरबाट काठमाडौं आएर आफूले तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा पहिलो पटक नाटक 'एउटा घरको कथा हैन' मञ्चन गरेको अनुभव सुनाउँदै कुलपति सरूभक्तले भन्नुभयो,' रंगकर्मीले त्यतिबेला राष्ट्रिय नाटक महोत्सवमा आफ्नो नाटक मञ्चन गर्न पाउनुलाई आफ्नो ठूलो सफलता ठान्दथे । काठमाडौंदेखि मोफसलसम्मका रंगकर्मीलाई जोडेर फेरि त्यस्तै उत्साह र रौनकता ल्याउन एक दशकपछि नै भए पनि हामीले पुनः राष्ट्रिय नाटक महोत्सव सुरु गरेका हौं ।'

यस्तै, प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले कार्यक्रममा नेपाली नाटकको विकासमा यो महोत्सवको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । महोत्सवमा राजधानी र मोफसलका समावेशी नाटकहरू सहभागी भएको पनि उहाँले जानकारी गराउनुभयो । बासकोटाले नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान बहुजाति, बहुभाषी र बहुसंस्कृतिलाई रंगमञ्च, गीतसंगीत र नृत्यको माध्यमबाट संरक्षण गर्ने कार्यमा लागिपरेको बताउनुभयो ।

प्रतिष्ठानका सदस्यसचिव गणेश रसिकले समावेशीका हिसाबले यसपटक महोत्सवमा राम्रा नाटकहरू छानिएको बताउनुभयो । तीन दिनसम्म चल्ने यो महोत्सवमा निःशुल्क नाटक हेर्न पाइने भएकाले नाटकप्रेमीलाई महोत्सवमा आउन उहाँले आग्रह गर्नुभएको थियो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा महोत्सवका संयोजक रमेशरञ्जन झाले ढिलै भए पनि प्रतिष्ठानले राष्ट्रिय नाटक महोत्सव सुरू गरेको जानकारी दिँदै महोत्सवलाई प्रतिष्ठानले अब निरन्तरता दिने प्रतिबद्धता जाहेर गर्नुभयो । राष्ट्रिय नाटक महोत्सव सधैं वैशाखमा नै हुँदै आएकाले सोही परम्परालाई निरन्तरता दिँदै आफूहरूले वैशाखमा यो महोत्सव आयोजना गरेको उहाँले प्रस्ट्याउनु भयो ।

महोत्सवमा ६ वैशाखमा सकस र धुपनको धुइयाँ गरी दुई नाटक, ७ वैशाखमा पाथीभरा देवीको उत्पत्ति, मान्छे बन्ने रहर र सुम्निमा गरी तीन नाटक, ८ वैशाखमा आब कोना चलब र छुतहा घैल गरी दुई नाटक मञ्चन भएको थियो ।

महोत्सवमा नाटक मञ्चन सुरु भएपछि लगातार तीन दिनसम्म मञ्चित नाटक र सम्बन्धित नाटकका कलाकार, प्राविधिकका बारेमा महोत्सव सहसंयोजक तथा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले जानकारी गराउनुभयो । महोत्सवको सदस्यमा प्राज्ञ सभा सदस्यहरू खेमराज नेपाली, प्रकाश घिमिरे, आशाकाजी श्रेष्ठ र कृष्णभक्त महर्जन हुनुहुन्थ्यो ।

# सन्तानले अभिभावकमाथि पारेको सकस

काठमाडौं । राष्ट्रिय नाटक महोत्सव-२०७२ को पहिलो दिन दुईओटा नाटक मञ्चन गरियो। नारायणी कला मन्दिर नारायणघाटको प्रस्तुति 'साकस' नाटकको मञ्चनसँगै महोत्सव सुरू भएको थियो ।

पुष्प आचार्यले लेखेको तथा निर्देशन गरेको यो नाटकमा प्रौढ अवस्थाका अभिभावकलाई आफ्ना छोराछोरीले बेवास्ता गर्ने प्रसंगलाई उठाइएको थियो ।

घरमा आफ्ना प्रौढ बुबाआमा बिरामी छन् । तर नाटकमा ती बुबाआमालाई आफ्ना छोराबुहारीले वास्ता गर्दैनन् । बरू घरमा पालेको कुकुरको हेरचाह र उपचारमा बढी चासो दिन्छन् ।

पितृ देवो भवः भन्ने नेपाली मान्यतालाई बिस्तारै अहिलेको पुस्ताले बिर्सँदै गएको कुरालाई नाटकले देखाएको छ । नाटक निकै मार्मिक थियो । नाटकको अन्त्यमा दर्शकको आँखा रसाएको थियो ।



जसमा स्थानीय ऋद्धिचरण श्रेष्ठ, प्रेम श्रेष्ठ, शान्ति शर्मा, गायत्री श्रेष्ठ, प्रेमविनोद नन्दन, प्रसाद श्रेष्ठ, रामप्रसाद श्रेष्ठ, सूर्यबहादुर मास्के, प्रभातकुमार जोशी, लक्ष्मीनारायण राजकर्णिकार, कृष्ण पुरी, शंकर पाण्डे, उद्धव जोशी, सरला जोशी, बालकृष्ण थपलिया र चिरञ्जीवी श्रेष्ठको अभिनय थियो। नाटकमा उमेश अधिकारीको प्रकाश, सुशनलाल प्रधानको पार्श्वसंगीत, उद्धव जोशीको संयोजन, प्रेम श्रेष्ठको सहनिर्देशन र विज्ञानलाल श्रेष्ठ एवं विनय श्रेष्ठको मञ्च व्यवस्थापन थियो ।



# गरिबीको पीडामा धुपेनको धुइयाँ

काठमाडौं। 'राष्ट्रिय नाटक महोत्सव-२०७२' मा ६ वैशाख बेलुका ५:३० बजेको शोमा भरत गुरागाईंद्वारा लिखित तथा निर्देशित नाटक 'धुपेनको धुइयाँ' मञ्चन गरियो ।

झोराहाट नाट्य समूह झोराहाट, मोरङको प्रस्तुत यो नाटकमा वैदेशिक रोजगारीको प्रसंगसँगै घरेलु समस्याको कथालाई उतारिएको थियो। नाटकमा प्रौढ पण्डित जगन्नाथको छोरा विदेश गएको, बुहारी परपुरूषसँग सल्केको, तिनै बुहारीबाट कामदारले घरेलु हिंसा खेप्नुपरेका जस्ता समस्या नाटकमा उल्लेख थियो । गाउँका विपन्न परिवारका वृद्ध रोगी बैजुले मुसाको मासु खाने चाहना राख्दा पनि खान नपाई मरेको दु:खद प्रसंगले दर्शक स्तब्ध भएको देखिन्थ्यो । नाटकले नेपालको वर्तमान अतिगरिब र गरिब परिवारको अवस्थालाई दर्शाएको छ ।

जसमा निर्देशक गुरागाईसहित सागर ऋषिदेव, सुदीप कार्की, मनिषा बराल, रमा दाहाल, राजेन्द्र मुर्मु सतार, सावित्री मुर्मु सतार, आरती यादव, अनु श्रेष्ठ, सञ्जय मुडियारी, सन्ध्या राजवंशी र प्रदीप सरदारको अभिनय रहेको थियो ।

नाटक धुपेनको धुइयाँमा रामप्रसाद न्यौपानेको प्रकाश परिचालन, चुडामणि बाँस्तोलाको पार्श्वसंगीत र छत्र काफ्लेको सूत्राधार थियो ।

# पाथीभरा देवीको उत्पत्ति कथा मञ्चन



काठमाडौं । राष्ट्रिय नाटक महोत्सव-२०७२ को दोस्रो दिन ७ वैशाखमा तीनओटा नाटक मञ्चन भए । जसमा मध्याह्न १२ बजेको सोमा चेतना नाट्य समूह इलामको प्रस्तुति नाटक 'पाथीभरा देवीको उत्पत्ति' मञ्चन गरिएको थियो । यो ऐतिहासिक र धार्मिक नाटक थियो ।

डा. देवी क्षत्री दुलालद्वारा लिखित तथा रोशन मेहताद्वारा निर्देशित यो नाटक पूर्वी नेपालमा रहेकी पाथीभरा देवीको उत्पत्तिकथामा आधारित थियो । नाटकमा पाथीभराको कालीदेवी भेडीगोठालाहरूमार्फत उत्पत्ति भएको देखाइएको थियो । जेठीदेखि कान्छी गरी दुई पाथीभरा देवी छन् । यी दुवै देवीको उत्पत्ति किंवदन्ती यो नाटकमा बडो रोचकतापूर्वक देखाइयो । दुवै देवीले भक्तजनको मनोकांक्षा पूरा गरिदिएको प्रसंग पनि नाटकमा देखाइयो ।

यो नाटक प्रदर्शन गर्नुको अर्को उद्देश्य पाथीभरा देवीको आन्तरिक पयर्टन बढाउन प्रचार प्रसार पनि भएको निर्देशक क्षत्रीको कथन थियो ।

यो नाटकमा सुवास लुइँटेल, मिलन खत्री, सरिता तामाङ, सिर्जना राई, अञ्जना कार्की, राम आचार्य, अञ्जना लुइँटेल, अन्वेश राई थुलुङ, चन्द्रकला लुइँटेल र पूजा भण्डारीको अभिनय थियो ।

# हँसाउने र रुवाउने नाटक मान्छे बन्ने रहर

काठमाडौं । राष्ट्रिय नाटक महोत्सव-२०७२ को दोस्रो दिन ७ वैशाखको दोस्रो सोअन्तर्गत दिउँसो ३ बजे तरंग सांस्कृतिक परिषद् हेटौंडाको 'मान्छे बन्ने रहर' मञ्चन गरिएको थियो ।

नाटक मान्छे बन्ने रहरको निर्देशन उज्ज्वल शर्मा भण्डारीद्वारा गरिएको हो । मकवानपुरको जंगलको ओढारमा रहेका चेपाङ समुदायलाई खाना र कपडा दिने प्रलोभन देखाएर गैर सरकारी संस्थाले उनीहरूलाई पैसा कमाउने भाँडो बनाएको प्रसंगमा यो नाटक केन्द्रित थियो । कछाडमा जीवन गुजारी रहेको मंगले पात्रले गैरसरकारी संस्थाले पठाएको एक जोर नयाँ कपडा लगाएर जब आफू मानिस भएको महसुस गर्छ । लगत्तै त्यो उसको तस्बिर खिचेर गैरसरकारी संस्थाहरूले त्यो नयाँ कपडा खोसेपछि सोही कपडाको शोकमा मंगलेको देहान्त हुन्छ । उसको देहान्त दृश्यमा दृश्यकले आँशु थाम्न सकेनन् ।

नाटकमा कुमार शाह, प्रलय चौलागाई, रामबहादुर थोकर, लक्ष्मण थोकर, दीपज्योति थापा, दिपमाला परियार, साजन कुमार, विनोद बानियाँ, भोलाराज सापकोटा, आशाकाजी श्रेष्ठ र उमंग भण्डारीले अभिनय रहेको थियो ।

दर्शकले यो नाटकको उत्तरार्द्धसम्म निकै मनोरञ्जन लिए । सुरूमा यो नाटक हेरेर निकै हाँसेका दर्शकको आँखामा उत्तरार्द्ध तथा समापनमा आँखा रसायो । यो नाटक रामचन्द्र रिजालले लेख्नुभएको हो ।



# वियोगान्त सुम्निमा



काठमाडौं । महोत्सवमा ७ वैशाख साँझ ५:३० बजे तेस्रो नाटकको रूपमा 'सुम्निमा' मञ्चन गरियो । सुम्निमा थिएटर एकेडेमी ललितपुरको यो नाटकका निर्देशन प्रवीण पुमाद्वारा गरिएको थियो ।

पुमा आफैंले लेखेको यो नाटक ऐतिहासिक कथामा आधारित थियो । नाटकमा किरातहरूकी देवी सुम्निमालाई प्रेमी खाबाहोङसँगको प्रेम सम्बन्ध तोड्न उनको विवाह दिवाहोङसँग सालापाले गरिदिन्छन् । यसरी प्रेममा वियोग भोगेकी सुम्निमाले आत्महत्या गर्छिन् । आत्महत्यापछि उनको लास बोकेर खावाहोङ बैरागिँदै साकेन्वाथानतिर जान्छन् । नाटकको खावाहोङ साकेन्वाथानतिर बैरागिँदै गएको दृश्य मार्मिक लाग्छ ।

नाटकमा निर्देशक पुमासहित, समीर राई, पूर्णिमा राई, सीता राई, कला राई, मोहन राई, निशान राई, युमा लिम्बू, दीपक वान्तवा, सुमन बराल, रोशन ढकाल, रामेश्वर पौडेल, परशुराम राईको अभिनय थियो ।

नाटकमा पूर्णिमा राईको भेषभुषा संयोजन, मण्डल सामपाङको संगीत संयोजन, दीपक वान्तवाको संगीत परिचालन, चतुरकुमारी राईको गहना व्यवस्थापन, रामेश्वर पौडेलको मञ्च निर्माण थियो । यस्तै, मोहन राई र नवीन राईको नृत्य निर्देशन, परशुराम राईको निर्माण, राम केसीको प्रकाश परिचालन थियो ।

# आब कोना चलबमा एकताको आवाज

काठमाडौं । सामाजिक र सांस्कृतिक आदान प्रदानसँगै पारिवारिक सम्बन्ध जोड्न गाउँमा एक मधेसी र एक पहाडेले मित लगाउँछन् ।

२०६३ सालको गणतन्त्रपछि यी दुई मित फरक-फरक पार्टीमा विभाजन हुन्छन् । एउटा पार्टीको छिमेकीले अर्को पार्टीको छिमेकीलाई मर्दा पर्दासमेत सहयोग गर्दैन । गाउँमा मधेसी आन्दोलन चर्केपछि मधेसी र पहाडेबीच फाटो आउँछ र यी दुई मित एक अर्काको शत्रु बन्छन् । तर मितिनीद्वयले दुई मितलाई आपसमा मिलाउँछन् । त्यसपछि उनीहरूबीचको प्रगाढ सम्बन्धलाई कुनै वर्ग र पार्टीको व्यक्तिहरूले विभाजन गर्न सक्दैनन् । 'राष्ट्रिय नाटक महोत्सव-२०७२ 'को तेस्रो दिन ८ वैशाखको पहिलो शोमा मञ्चन गरिएको नाटक 'आब कोना चलब' को कथासार हो यो । आरोहण गुरूकुल मोरङको प्रस्तुति रहेको हास्यप्रधान यो



नाटकका पार्टी र वर्गभन्दा देश र देशसँगै नाता ठूलो भन्ने सन्देश समेटिएका थियो ।

रामभजन कामतद्वारा निर्देशित यो नाटकमा कामत स्वयंसँगै मिलन नेपाली, सुनिता घिमिरे, कौशिला कामत, प्रयाग न्यौपाने, रोशनकुमार मेहता, सन्तोष यादव, गीता कोइराला, विकास पराजुली, सागर विश्वास, सुनिल चौधरी, सुजान कार्की, भरत कार्की, अशोक गौतमको अभिनय थियो ।



# छुतहा घैलमा गोनुझाको कथा

काडमाडौं । 'राष्ट्रिय नाटक महोत्सव–२०७२' मा ८ वैशाख मंगलबार बेलुका ५:३० बजे मिथिला नाट्यकला परिषद् जनकपुरको मैथिली नाटक 'छुतहा घैल' मञ्चन गरियो ।

६ सय वर्षअघिका कुटिल चरित्र गोनु झाले नारी मुक्तिका लागि गरेको योगदान र चतु¥याइँमा यो नाटक केन्द्रित थियो । स्थानीय सँस्कृति, भाषा, भेषभुषाका कारण नाटकले ६ सय वर्षअघिको मिथिला समाजको झझल्को दिएको महसुस हुन्थ्यो । गोनु झाको पालादेखि अहिलेसम्म पनि मिथिला समाजमा नारीको मनोदैहिक शोषण हुने गरेको प्रसंग यो नाटकमा उठाइएको थियो ।

नाटक छुतहा घैलमा दिगम्बर झाले गोनु झाको भूमिका सार्थक तुल्याउनुभएको थियो । हास्यप्रधान यो नाटकमा विष्णुकान्त मिश्र, रामनारायण ठाकुर, गंगाकान्त झा, मदन ठाकुर, परमेश झा, सन्दीप शाह, धिरज ठाकुर, मुकेश झा, अनिता रानी मण्डल र सपनाको अभिनय थियो । नाटकलाई मेहन्द्र मलंगिया लेख्नुभएको हो । यसको निर्देशन परमेश झा, सुनिल मल्लिकको संगीत र गायन, शैलेन्द्र मल्लिकको मञ्च व्यवस्थापन, रामआशिष ठाकुरको भेषभुषा संयोजन थियो । यो नाटक मञ्चनसँगै महोत्सव समापन भएको थियो ।

# भव्य भयो नाटक महोत्सवको समापन

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा ६ वैशाखबाट राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको प्रेक्षलयमा आयोजित राष्ट्रिय नाटक महोत्सव–२०७२ भव्य भएको सो प्रतिष्ठानका कुलपति सरूभक्तले बताउनुभयो ।

८ वैशाख दिउँसो आयोजित महोत्सव समापन समारोहलाई सम्बोधन गर्दै कुलपति सरूभक्तले भन्नुभयो, 'यो वर्ष तीन दिन गरिएको नाटक महोत्सवलाई अर्को वर्षबाट ६ दिनसम्म आयोजना गरिनेछ । हामी अब क्षेत्रीय नाटक महोत्सव र त्यसपछि दक्षिण एसियाली नाटक महोत्सव पनि गर्दैछौं ।' महोत्सवमार्फत मोफसलका युवा पुस्ताले नेपाली नाट्यकर्मलाई केन्द्रसम्म ल्याएर फेरि एकपटक जीवित तुल्याएको कुलपतिले बताउनुभयो ।

प्रतिष्ठानको परिषद् सदस्य तथा महोत्सव संयोजक रमेशरञ्जन झाले महोत्सवको बारे बोल्दै अर्को वर्षबाट यो



महोत्सवलाई अझ भव्य तुल्याउने प्रतिबद्धता जाहेर गर्नुभयो । उहाँले महोत्सवमा सहभागी मोसफलका नाटक क्षेत्रीय कथा, स्थानीय जीवन संघर्ष र मिथकमा केन्द्रित रहेको बताउनुभयो ।

प्राज्ञ परिषद् सदस्य तथा महोत्सवका सहसंयोजक पुष्कर गुरूङले राजधानी र मोफसलका रंगकर्मलाई जोड्न राष्ट्रिय नाटक महोत्सव सफल भएको धारणा राख्नुभयो ।

# चार स्रष्टालाई संगीत नाट्य प्रज्ञा पुरस्कार

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले पाँचौ वार्षिकोत्सवको अवसरमा चार स्रष्टालाई पुस्कृत गर्ने भएको छ । उहाँहरूलाई जनही एक लाख एक रूपैयाँ राशि र तम्रपत्र रहेको 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार' प्रदान गरिने प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' ले प्रतिष्ठानको नयाँ कार्यालय बालुवाटार/भाटभटेनीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउनुभएको हो ।

नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार प्राप्त गर्ने विशिष्ट स्रष्टाहरूमा नाट्य विधाबाट अग्रज नाट्य निर्देशक हरिप्रसाद रिमाल, नृत्य विधाबाट अग्रज नृत्यकार एवं अन्वेषक भैरवबहादुर थापा हुनुहुन्छ ।

यस्तै, संगीत विधाबाट अग्रज संगीतकार चन्द्रराज शर्मा र वाद्यवादन विधाबाट अग्रज वाद्यवादक न्हुच्छेबहादुर डंगोल रहेको कुलपति सरूभक्तले जानकारी गराउनुभयो । यो पुरस्कार राष्ट्रपति डा. रामवरण यादबको समुपस्थितिमा साउन ३ गते उहाँकै निवास शीतल निवासमा प्रदान गरिने भएको छ ।

राष्ट्रको संगीत तथा नाट्य क्षेत्रमा निरन्तर जीवन उत्सर्ग गरिरहेका साधकहरूलाई सम्मान गर्ने अभिप्रायले 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार' स्थापना गरी प्रदान गर्न लागिएको प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले पत्रकार भेटघाटका क्रममा जानकारी गराउनुभयो । अर्को वर्षबाट 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय युवा प्रज्ञा-पुरस्कार' पनि स्थापना गर्ने उहाँले जानकारी दिनुभयो ।



## नृत्यका महान हस्ती

काठमाडौं । नेपाली नृत्य पारखीका लागि भैरवबहादुर थापा आत्रेय सम्मानित नाम हो । ६ फागुन १९८९ सालमा काठमाडौंको कमलपोखरीमा पिता पदमबहादुर थापा आत्रेय र माता ताम्बुला योञ्जन थापा 'आलमनुर' का सन्तानका जन्मनुभएका थापाले दुई वर्ष सिंगापुर र मलाय आर्मीमा २००७ सालपछि सैनिक सेवा गर्नुभयो ।

नृत्य निर्देशकका रूपमा २०१८ सालबाट राष्ट्रिय नाचघरबाट सेवा सुरू गर्नुभएका थापाले त्यसअघि २०१२ सालदेखि नै एकता, बाँच्नको निम्ति, विधा, प्रतिध्वनि, अँध्यारो, भुइँचालो जस्ता नेपाली ब्याले निर्देशन गरिसक्नुभएको थियो । नाचघरमा उहाँले २०२९ सालमा मयुर नृत्य, याक नृत्य, झाँक्री नृत्य, पदमसम्भव नृत्य सिर्जना गर्नुभएको हो । उहाँले २०१९ सालपछि तत्कालीन नेपाल प्रहरी र नेपाली सेनाका अफिसरलाई नृत्य तालिम सुरू गराउनुभएको हो ।

उहाँले चलचित्र मनको बाँध, पच्चीस बसन्त जस्ता चलचित्रमा नृत्य निर्देशन गरिसक्नुभएको छ । २०१४ देखि २०३५ सालसम्म नेपाल आउनुभएका विभिन्न देशका प्रमुखलाई उहाँकै निर्देशनमा नृत्यमार्फत कलाकारले स्वागत गरेका थिए । उहाँले आफ्नो नाममा स्थापित भैरव नृत्य दलमार्फत जर्मनी, युगोस्लाभिया, बेल्जियम, स्विटजरल्यान्ड, सोभियन संघसहित दर्जनौं मुलुकमा नेपालको तर्फबाट नेपाली लोक नृत्य प्रस्तुत गरिसक्नुभएको छ ।

६ दर्जनभन्दा बढी अभिनन्दन, सम्मान, पदक, विभूषण र पुरस्कार पाइसक्नुभएका वरिष्ठ नृत्य निर्देशक तथा अन्वेषक भैरवबहादुर थापा आत्रेयलाई उहाँले पुऱ्याउनुभएको योगदानको कदरस्वरूप ३ साउनमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबाट एक लाख रूपैयाँ राशिसहितको नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार प्रदान गरिने भएको छ । प्रतिष्ठान उहाँको सफलता र दीर्घायुको कामना गर्दछ ।



# बहुमुखी कलाका शिखर

काठमाडौं। वरिष्ठ कलाकार हरिप्रसाद रिमाल अभिनय, गायन, संगीत जस्ता विविध विधाका सर्जक हुनुहुन्छ । यस्ता बहुमुखी कलाका शिखर व्यक्तित्व शर्माको जन्म ५ असोज १९८२ सालमा पिता घनश्याम रिमाल र माता मोहनकुमारीबाट काठमाडौंको लगनटोलमा भएको हो ।

बाल्यकालमै संगीत र नाटकमा चाख राख्नुहुने रिमालले बालकृष्ण समको निर्देशनमा मञ्चित नाटकबाट १९९४ सालदेखि नै कलायात्रा थाल्नुभएको हो। रेडियो नेपालका प्रथम गायक रिमालले रेडियो नेपालमा रेडियो नाटक निर्देशक तथा गायक भई २००७ देखि २०५१ सालसम्म सेवा गर्नुभयो ।

विभिन्न नेपाली चलचित्रमा अभिनय गर्नुभएको रिमाल शाही नेपाल चलचित्र संस्थानमा २०४७ देखि २०४९ सालसम्म सञ्चालक समिति सदस्य पनि हुनुभयो । सयौं नाटक निर्देशन गरिसक्नुभएका रिमाल २०३४ देखि २०५१ सालसम्म सांस्कृतिक संस्थानको नाटक निर्देशक पनि हुनुभयो । उहाँ २०५१ देखि २०६१ सालसम्म दुईपटक तत्कालीन शाही नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य हुनुभयो ।

इमेज टिभी र कान्तिपुर एफएमबाट लाइफ टाइम एचिभमेन्ट अवार्डसहित नेपाल चलचित्र कलाकार संघ पुरस्कार, इन्द्र राज्य लक्ष्मी प्रज्ञा पुरस्कार, छिन्नलता पुरस्कार, अभियान स्वर्ण पदकसहित दर्जनौं सम्मान, पुरस्कार र पदकबाट उहाँ विभूषित हुनुभएको छ। स्रष्टा हरिप्रसाद रिमालले नाट्य क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप यस प्रतिष्ठानबाट ३ साउनमा काठमाडौंमा उहाँलाई नाट्य विधातर्फको एक लाख रूपैयाँ राशिसहितको नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कारबाट सम्मानित गरिँदैछ। प्रतिष्ठान उहाँको सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दछ ।

# संगीतका सम्मानित सर्जक



काठमाडौं। नेपाली सांगीतिक क्षेत्रमा आफ्नै विशाल स्थान बनाउनुभएका संगीतकार चन्द्रराज शर्माको जन्म १९९६ जेठमा काठमाडौंको ज्ञानेश्वरमा भएको हो। बुबा संगीत शिरोमणि स्व. पण्डित यज्ञराज शर्माबाट सांगीतिक ज्ञान हासिल गरेपछि उहाँले संगीत यात्रा सुरू गर्नुभएको हो। प्रयाग संगीत समिति इलाहावाद भारतबाट संगीत प्रभारको डिग्री हासिल गर्नुभएका शर्मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा २०२९ देखि २०५७ सालसम्म संगीत विभागको निर्देशकको रूपमा रहनुभयो ।

उहाँले कुमारी, जीवनज्योति, भानुभक्त,, श्री स्वस्थानी जस्ता चलचित्र र लक्ष्मीप्रसाद देवकोटासहित कैयौं वृत्तचित्रमा संगीत निर्देशन गरिसक्नुभएको छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, राष्ट्रकवि माधवप्रसाद घिमिरेको शाकुन्तलसहित दुई दर्जनभन्दा बढी नाटकमा उहाँले संगीत गरिसक्नुभएको छ ।

एक सय २५ भन्दा बढी फुटकर गीतमा संगीतसमेत गर्नुभएका संगीतका वरिष्ठ व्यक्तित्व चन्द्रराज शर्मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा २०५१ सालबाट पाँच वर्ष प्राज्ञ सभा सदस्य पनि हुनुभयो ।

संगीतसम्बन्धी गोष्ठी र सांस्कृतिक आदान-प्रदानका लागि विभिन्न १० विदेशी मुलुक घुम्नुभएका शर्मा प्रबल गोरखा दक्षिणबाहु, छिन्नलता पुस्कार, साधना सम्मानसहित थुप्रै सम्मान र पुरस्कारबाट विभूषित भइसक्नुभएको छ । नेपाली संगीतमा उहाँले पुऱ्याउनुभएको योगदानको कदरस्वरूप नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा ३ साउनमा एक लाख रूपैयाँ नगदसहितको संगीत विधातर्फ नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कारबाट सम्मानित गरिने भएको छ। प्रतिष्ठान उहाँको सफलता र दीर्घायुको कामना गर्दछ ।



# वाद्यवादनका वरिष्ठ व्यक्तित्व

काठमाडौं । वाद्यवादन क्षेत्रमा आफ्नो विशिष्ट परिचय बनाउनु भएका न्हुछेबहादुर डंगोलको जन्म न्हुछेमान डंगोलको सन्तानका रूपमा १६ असार २००५ सालमा सामाखुसी, काठमाडौंमा भएको हो ।

उहाँ विभिन्न बाजाका विज्ञ हुनुहुन्छ । कलाकार डंगोल मादल, धिमे, ढोलक, तबला, पश्चिमा ढोलक, हार्मोनियम, ज्याज ड्रम, बोङ्गो, कोङ्गो, तबाबु, भुस्या जस्ता थुप्रै बाजा कौशलतापूर्वक बजाउनुहुन्छ ।

संगीतमा इलाहावादबाट डिप्लोमा गर्नुभएका डंगोलले २०३० सालमा भएको नेवारी सांगीतिक कार्यक्रममा एकसाथ १० ओटा मादल बजाउनुभएको थियो । त्यसपछि २०३५ सालमा एक कार्यक्रममा एकसाथ २२ मादल बजाउनुभएका उहाँले जापानमा एकल वाद्यवादन प्रस्तुतिको क्रममा ३३ ओटा बाजा बजाउनुभएको थियो ।

नेपाली, नेवारी सहित विभिन्न भाषाको पाँच सय गीतमा उहाँले संगीत दिइसक्नुभएको छ । त्रिभुवन विश्वविद्यालयको सहप्रध्यापक रहनुभएका कलाकार डंगोलले एसिया र युरोपका डेढ दर्जन मुलुकमा नेपालको नेतृत्व गर्दै लोक संगीत तथा वाद्यवादन प्रस्तुति गरिसक्नुभएको छ ।

कलाकार डंगोल राष्ट्रिय अन्तर्राष्ट्रिय गरेर चार दर्जनभन्दा बढी सम्मान, पुरस्कार र पदकबाट विभूषित भइसक्नुभएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले उहाँको कलाको योगदानको कदरस्वरूप यसपटकको एक लाख रूपैयाँ राशिको वाद्यवादन विधाको नेपाल संगीत तथा नाट्य प्रज्ञा पुरस्कारबाट आगामी ३ साउनमा काठमाडौंमा सम्मान गर्दैछ । प्रतिष्ठान उहाँको दीर्घायू र उत्तरोत्तर प्रगतिको कामना गर्दछ ।

# प्रधानमन्त्रीलाई रकम हस्तान्तरण

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा करिब साढे तीन लाख रूपैयाँ प्रदान गरेको छ । प्रतिष्ठानले गत २२ असारमा प्रधानमन्त्री सुशील कोइरालालाई सो रकम हस्तान्तरण गरेको हो ।

प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त', उपकुलपति शम्भुजीत बासकोटा, सदस्य सचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्यहरू माधव प्रधान, पवित्रा घर्तीमगरलगायतले प्रधानमन्त्री निवास बालुवाटार पुगी प्रतिष्ठानका कर्मचारीद्वारा संकलित ३ लाख ४५ हजार ३ सय ७३ रूपैयाँ प्रधानमन्त्री कोइरालालाई हस्तान्तरण गरेका हुन् । गत वैशाखको महाभूकम्पछि भूकम्पपीडितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमार्फत उपलब्ध गराउने गरी प्रतिष्ठानले एसबीआई बैंकमा राहत कोष संकलन खाता खोलेको थियो । प्रतिष्ठानका कुलपति, उपकुलपति, सदस्यसचिव, प्राज्ञ परिषद् सदस्यहरू, प्राज्ञ सभा सदस्यहरू र त्यहाँका कर्मचारीद्वारा आफ्नो तलबबाट केही रकम कटाएर रकम जम्मा गरिएको थियो । सोही खातामा जम्मा भएको रकम प्रधानमन्त्रीलाई हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा प्रधानमन्त्री कोइरालाले नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले गरेको कार्य सराहनीय भएको बताउनुभयो ।



प्रतिष्ठानले सञ्चालन गर्दै आएको सांस्कृतिक अभियानअन्तर्गतको संगीत तथा नाट्य थेरापीलाई निरन्तरता दिन पनि प्रधानमन्त्री कोइरालाले सुझाव दिनुभयो ।

यस्तै, प्रतिष्ठानका कुलपति सरूभक्तले प्रतिष्ठानले देश निर्माणका लागि र नेपालको संगीत तथा नाट्य विधाको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विकास कार्यक्रमलाई अझ सशक्त ढंगले अगाडि बढाउने प्रतिबद्धता जनाउनुभयो । उहाँले आफूहरूले सञ्चालन गरेको सांस्कृतिक अभियानले भूकम्बाट त्रसित जनतामा पारेको सकात्मक प्रभावबारे पनि प्रधानमन्त्रीलाई जानकारी गराउनुभयो । कार्यक्रममा उपकुलपति बासकोटाले प्रतिष्ठानका तर्फबाट भूकम्पपीडितहरूलाई राहत वितरण गरिनुका साथै मुलुकका एक सय स्थानमा आमनागरिकलाई लक्षित गरेर 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' सञ्चालन गरिएको जानकारी गराउनुभयो । आगामी दिनमा पनि बालबालिकामा फैलिएको डर त्रास तथा पीडितहरूको मस्तिष्कमा परेको मनोवैज्ञानिक असरलाई संगीत तथा नाट्य विधाका माध्यमबाट न्यूनीकरण गराउँदै लैजाने, पुनर्निर्माणमा अभिप्रेरित गर्ने र भूकम्पसम्बन्धी जनचेतना जगाउने उहाँले बताउनुभयो ।



# सुदूरपूर्वका ११ जिल्लामा सांस्कृतिक अभियान

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' अन्तर्गत पूर्वाञ्चलका विभिन्न ठाउँमा संगीत नाट्य तथा साहित्य थेरापीसहित सांस्कृतिक कार्यक्रम आयोजना गर्‍यो ।

भूकम्पबाट त्रसित सर्वसाधारणलाई मनोरञ्जन दिँदै नियमित जीवनयापनमा सहयोग पुगोस् भनी पूर्वाञ्चलका विभिन्न स्थानमा यस्तो अभियान सञ्चालन गरिएको प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले बताउनुभयो ।

प्रतिष्ठान सदस्य सचिव रसिकको संयोजकत्वमा पूर्वाञ्चलको मोरङ, झापा, इलाम र पाँचथरमा यो अभियान सम्पन्न भयो । यस्तै, प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा धरानमा, प्रज्ञा परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बुमा, अर्का प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाको संयोजकत्वमा सिरहा र सप्तरीमा अभियान सम्पन्न भएको थियो ।



# चुलाचुलीमा नाटक र कविता



इलाम । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको संयोजकत्वमा इलामको चुलाचुली गाविसमा गत १४ जेठमा नाटक र कविता अभियान सम्पन्न भयो। कार्यक्रममा धनकुटे कान्छाले भूकम्पसम्बन्धी जनचेतनामूलक कविता प्रस्तुत गरे। स्थानीय कलाकारहरू केशव भुजेल, मानहाङ लावती, जेम्स् लिम्बू, रविता राई, अप्सरा हिङमाङ, खिमिमाया सुनुवार, प्रमिला खेवा, अरूणा केरूङ, शिखर लामगाजे, चन्द्र लावती, लक्ष्मी तामाङ र टोली संयोजक चेतन सुब्बाले भूकम्प सन्देशबारे नाटक मञ्चन गरे।

# मोरङको पथरीमा सांस्कृतिक कार्यक्रम

मोरङ । उत्तरी मोरङको पथरीमा १६ जेठमा आयोजित 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' कार्यक्रममा वरिष्ठ लोकगायक एलपी जोशीको सभापतित्वमा सुरू भएको थियो। पथरी बजारमा आयोजित कार्यक्रममा गायक जोशीसहित रघुन गुरूङ, बृष प्रधान, जयकुमार राईलगायतले गीतसंगीत प्रस्तुत गरे।

कार्यक्रममा धनकुटे कान्छा, राजकुमार सुब्बा, मन दियाली, होमा डाँगी, दिपक तिमल्सिना, विनोद राई, पंकज सापकोटा, दधिराम ढकाल, सुधा श्रेया दवाडी, अशोक बस्नेतले कविता र गीतहरू बाचन गर्नुभएको थियो। कार्यक्रममा पाल तामाङ, रोजना आले, सृष्टिका शेर्मा, क्षितिज राई, एन्सा बोहराले नृत्य प्रस्तुत गर्नुभएको थियो भने प्रविण सुवेदीले दोबाटो क्यारिकेचर र चुलाचुली नाट्य समूहद्वारा भूकम्पको सन्देशबारे नाटक मञ्चन गरिएको थियो। कार्यक्रममा कञ्चनजंघा नाट्य समूह, प्याब्सन पथरी, पथरी स्पोर्टिङ क्लब, नर्वदेश्वर शिवालय, दीपज्योति बालक्लब, रेडियो सिम्रिकले सहआयोजकको भूमिका निर्वाह गरेका थिए। कार्यक्रम संयोजक भूपेन्द्रराज तिमल्सिनाले र स्वागत मन्तव्य प्राज्ञ सभा सदस्य राम धामीले दिनुभएको थियो।

# झापाको पाँच ठाउँमा कार्यक्रम

झापा। यस्तै कार्यक्रम झापाको दमक बजारमा १७ जेठमा सम्पन्न भयो। कार्यक्रममा स्थानीय १०४ वर्षीया नन्दकुमारी अधिकारीलाई सदस्य सचिव गणेश रसिकले दोसल्ला ओढाएर अभिनन्दन गर्नुभएको थियो।

सांस्कृतिक अभियान कार्यक्रममा विवश बलिभद्र कोइराला, रामकुमार सुब्बा, अशोक बस्नेत, श्रीमान् खड्का र घनश्याम पथिकले गजल कविता बाचन गर्नुभएको थियो। यस्तै, वरिष्ठ लोकगायक एलपी जोशी, सुदृष्टि राई, प्रमिला लम्जेल, चुडा गौतम, लक्ष्मी खनाल, बेणु चुडालले गीतसंगीतबाट कार्यक्रमलाई सफल पार्नुभयो। कवि धनकुटे कान्छाले सञ्चालन गर्नुभएको सो कार्यक्रममा चुलाचुली नाट्य समूहको भूकम्पको सन्देश नाटकलाई दर्शकले रूचाए।

कार्यक्रमलाई पब्लिक लाइब्रेरी दमक, बृन्दा स्मृति कोष, पूर्व सन्देश दैनिक, झापा टाइम्स दैनिक, सप्तरंगी एफएम, हिमशिखर टेलिभिजन, रूवाई मञ्च नेपालले सघाएका थिए। सदस्य सचिव गणेश रसिकको संयोजकत्वमा सम्पन्न कार्यक्रममा प्राज्ञ सभा सदस्य कोमल निरौला पनि सहभागी हुनुभएको थियो।

यस्तै, १९ जेठमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान -२०७२' बुद्ध आदर्श उच्चमाबि बुधबारे, झापा र देवी उच्चमावि बिर्तामोडमा सम्पन्न भयो। बुद्ध आदर्श उच्चमाविमा सम्पन्न कार्यक्रममा मञ्चित चुलाचुली नाट्य समूहको नाटक 'भूकम्पको सन्देश'ले दर्शकको मन जित्यो।

सीता कालिकोटे, सुवास दिवानीको गीतसंगीत र टंक विकल्प, मुनाराज शेर्मा, केशव निरौला तथा बेनुपराज पनेरूले बाचन गर्नुभएको भूकम्पसम्बन्धी कविता समसामयिक थिए। सो विद्यालयका प्राचार्य धनबहादुर श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रमको संयोजन सदस्य सचिव गणेश रसिकले गर्नुभएको थियो।

यस्तै, देवी उच्चमाविमा सम्पन्न 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' मा स्थानीय कलाकारले गीतसंगीत प्रस्तुत गरेका थिए। प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा चुलाचुली नाट्य समूहको नाटक भूकम्पको सन्देश नाटकले दर्शकलाई भूकम्पबारे जानकारी गराएको थियो। लेखनाथ भट्टराईले स्वागत मन्तव्य दिनुभएको कार्यक्रममा प्राज्ञ सभा सदस्य राम धामीले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

सो सांस्कृतिक अभियान २० जेठमा बिर्तामोडकै वाल्मीकि एजुकेसन फाउन्डेसन र सोही दिन बिर्तामोड चोकमा आयोजना गरियो। दुवै कार्यक्रममा चुलाचुली नाट्य समूहको नाटक भूकम्पको सन्देश मञ्चन गरिएको थियो। गोपालकुमार बस्नेतको स्वागत मन्तव्यबाट सुरू भएको वाल्मीकि एजुकेसन फाउन्डेसनको कार्यक्रममा अग्रज लोकगायक एलपी जोशीले आफ्ना चर्चित गीत गाउनुभयो। लक्ष्मण ढकालद्वारा सञ्चालित सो कार्यक्रममा केशव आचार्य, धनकुटे कान्छा, अनिश मैनाली र पारूहाङ राईले भूकम्पसम्बन्धी कविता सुनाउनुभयो। सदस्य सचिव रसिकले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो। बिर्ता सिटी अस्पताल, सर्जक मञ्च बिर्तामोड, कञ्चनजंघा






एफएम बिर्तामोड र नेपाल लेखक संघ झापाका तर्फबाट सो कार्यक्रम गर्न सघाइएको थियो । २० जेठ दिउँसो बिर्तामोड चोकमा सम्पन्न भूकम्पसम्बन्धी जनचेतना कार्यक्रममा गायक जोशीसहित पुजन प्रधान र जयकुमार राईको गीत, चुलाचुली नाट्य समूहको नाटक, राकेश दर्नालको प्रहसनले दर्शकलाई मनोरञ्जन प्रदान गऱ्यो ।

कार्यक्रममा हरि बराल, रहस्यविक्रम चिमौरिया र धनकुटे कान्छाको कविता र लीला अनमोलका कार्यक्रम सञ्चालन सशक्त थियो । कार्यक्रममा प्राज्ञ सभा सदस्य राम धामीले स्वागत मन्तव्य र सदस्य सचिव गणेश रसिकले धन्यवाद ज्ञापन गर्नुभएको थियो । सो कार्यक्रम सफल पार्न नेपाली लेखक संघ झापा, कञ्चनजंघा एफएम, सर्जक मञ्च र वाल्मीकि एजुकेसनले पनि सघाएको थियो ।

## इलामका चार स्थानमा सांस्कृतिक अभियान

इलाम । 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' इलामका विभिन्न स्थानमा सम्पन्न गरियो । प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको संयोजकत्वमा भएको सो कार्यक्रम २१ जेठमा आदर्श उमावि सुन्तलाबारी इलमामा आयोजना गरियो । सोही दिन इलामको चौक बजारमा पनि यो अभियान सम्पन्न गरियो ।

आदर्श उमाविमा सम्पन्न कार्यक्रममा सोही विद्यालयका प्राचार्य कुमार पौडेलले स्वागत मन्तव्य र प्राज्ञ सभा सदस्य राम धामीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा विमल पौडेल र धनकुटे कान्छाको कविताले दर्शकको मन जित्यो भने अग्रज लोकगायक एलपी जोशीको गीतले दर्शकलाई नचायो । चुलाचुली नाट्य समूहको भूकम्पसम्बन्धी चेतनामूलक नाटक कार्यक्रमको आकर्षक बनेको थियो । विमल वैद्यद्वारा सञ्चालित सो कार्यक्रमलाई आदर्श उमावि इलाम, समता शिक्षा निकेतन इलामले सघाएका थिए । कार्यक्रममा प्राज्ञसभा सदस्य कोमल निरौला पनि सहभागी हुनुहुन्थ्यो ।

सोही दिन इलामको चौक बजारमा सम्पन्न सांस्कृतिक कार्यक्रममा गायक एलपी जोशी, झुमा निरौला, तुलाराम पौडेल र राजेश चाम्लिङले आफ्ना गीतसंगीतबाट दर्शकलाई नचाए । कार्यक्रममा सदस्य सचिव रसिकले १ सय २ वर्षीय टंकप्रसाद भुर्तेललाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो । भुर्तेलले १९९० साल र यसपटकको भूकम्पका अनुभव सुनाउनुभयो ।

सदस्य सचिव रसिकले भूकम्पको त्रास घटाउँदै सबैलाई सामान्य जीवनतर्फ ल्याउन प्रतिष्ठानले अभियान सञ्चालन गरेको बताउनुभयो । कार्यक्रममा हरिनाथ फुयाँल, दिवाकर भण्डारी, खिम गुरूङ, विमल वैद्य, प्रवेश शर्मा, धनकुटे कान्छा र इन्द्रनारायण सुवेदीले भूकम्पसम्बन्धी कविता वाचन गरे । युनिभर्सल डान्स सेन्टर इलामका कलाकारद्वारा कार्यक्रममा सशक्त नृत्य प्रस्तुत गरिएको थियो । प्राज्ञ सभा सदस्य कोमल निरौलाले स्वागत मन्तव्य तथा प्राज्ञ सभा सदस्य राम धामीले कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सोही अभियान २२ जेठमा इलामको कृष्णाश्रम उच्चमावि इलाम र फिक्कल उच्चमाविमा सम्पन्न भयो ।

प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको संयोजकत्वमा सम्पन्न कार्यक्रममा भूकम्पसम्बन्धी जनचेतनाबारे गीत, संगीत नाटक, कविता प्रस्तुत गरिएको थियो । एलपी राईद्वारा सञ्चालित कृष्णाश्रम उच्चमाविको कार्यक्रमको सभापति सोही विद्यालयका प्राचार्य डम्बर कटुवाल हुनुहुन्थ्यो । कमलमणि गड्तौलाले स्वागत मन्तव्य र प्राज्ञ सभा सदस्य कोमल निरौलाले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रममा कुमार दाहालले भूकम्पको सचेतनाबारे आफ्नो धारणा राख्नु भयो । कार्यक्रममा पुजना प्रधान र अग्रज गायक एलपी जोशीको गायन, धनकुटे कान्छा, सुजन दुवाल र ईश्वरीकुमार निरौलाको कविता प्रस्तुति सशक्त थियो । निरूता, अनिषा खड्का, मन्दिरा कटुवाल र मनिषा गिरीको नृत्यले दर्शकलाई नचायो । चुलाचुली नाट्य समूह र फिक्कल उमाविका विद्यार्थीको नाटक प्रशंसायोग्य थियो ।

यस्तै, जयकुमार राईद्वारा सञ्चालित फिक्कल माविमा सम्पन्न कार्यक्रममा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले अभियानबारे प्रकाश पार्नुभयो । प्राज्ञ सभा सदस्य राम धामीले स्वागत मन्तव्य दिएपछि सुरू भएको कार्यक्रममा अग्रज गायक एलपी जोशीको गीत र धनकुटे कान्छाको कविताले दर्शकको मन जित्यो । सो माविका प्राचार्य गंगा महतले कार्यक्रम निकै राम्रो भएको बताउनुभयो । प्राज्ञ सभा सदस्य कोमल निरौलाको धन्यवाद ज्ञापनसँगै कार्यक्रम समापन भएको थियो ।

## पूर्वको अभियान पाँचथरमा समापन

पाँचथर । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सुदूरपूर्वमा सञ्चालित भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' पाँचथरको फिदिमस्थित खुलामञ्चमा पुगेर २१ जेठ अपरान्हमा समापन भयो । फिदिमको कार्यक्रममा स्थानीय कलाकार दाबा शेर्पा, सुजन शंकर, राजेश चाम्लिङ तथा अग्रज कलाकार एवं प्राज्ञ सभा सदस्य कोमल निरौला र अग्रज स्रष्टा एलपी जोशीले आफ्ना गीतसंगीत प्रस्तुत गर्नुभयो । सदस्य सचिव गणेश रसिकले पूर्वाञ्चलमा सम्पन्न यो अभियान सोचेभन्दा निकै राम्रो भएको बताउनुभयो ।

कार्यक्रमको व्यवस्थापन सम्हाल्नुभएका प्राज्ञ सभा सदस्य राम धामी धन्यवाद ज्ञापन र कोमल निरौलाले कार्यक्रमबारे जानकारी गराउनुभयो । राजेन्द्र काफ्ले र सहमान बिकद्वारा सञ्चालित कार्यक्रममा नौलो साहित्य विहानी प्रतिष्ठानका अध्यक्ष रामप्रसाद उपाध्यायले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको सभापतित्व लेखनाथ खतिवडा 'सिकारू' ले गर्नुभएको थियो । सो कार्यक्रम सम्पन्न गर्न मानवअधिकार सञ्जाल तथा बान्ती कोष समूह पाँचथर, सामुदायिक वन उपभोक्ता महासंघ पाँचथर, हाम्रो थिएटर नेपाल, सहयोगी आँखा र नौलो साहित्य बिहानी प्रतिष्ठान पाँचथरले सघाएका थिए ।



# ओखलढुंगा,सोलु र उदयपुरमा सांस्कृतिक अभियान

*ओखलढुंगा । स्थानीयहरूमा भूकम्पको त्रास कम गर्दै सामान्य जीवनतर्फ फर्काउन प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बुका विभिन्न स्थानमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' सम्पन्न भएको छ । प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको परिकल्पना तथा प्राज्ञ सभा सदस्य आशाकाजी श्रेष्ठको लेखन तथा निर्देशनमा 'आयो नभन्नु ल' नामको सडक नाटकलाई कार्यक्रमको मूल प्रस्तुति बनाइएको थियो ।*

*नाटकमा प्राज्ञ सभा सदस्य आशाकाजी श्रेष्ठ, राम थोकर, लक्ष्मण थोकर, विजय श्रेष्ठ, रूपेन्द्र सिवाकोटी, कार्यक्रम संयोजक उदय श्रेष्ठका साथै स्थानीय कलाकारले अभिनय गरेका थिए । पूर्वाञ्चलअन्तर्गत प्रस्तुत नाटक ओखलढुंगाको ७ स्थान, सोलुखुम्बुको ३ स्थान, खोटाङको हलेसी र उदयपुरको घुर्मी बजारमा प्रदर्शन गरियो ।*

*नाटकमा हेटौंडाका विभिन्न कलाकारसँगै स्थानीय कलाकारले अभिनय गरेका थिए । कार्यक्रम सँयोजक प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठलगायतका कलाकारहरूले सबैजसो कार्यक्रममा जाग लम्क चम्क हे नौ जवान हो..., धर्तीलाई माया गर्नेहरू...,दलानमा बसेर मनमा कुरा गुनेर...जस्ता गीत गाउनुभएको थियो । प्रस्तुत नाटकमा पूर्वको माया पश्चिमलाई..., मन ठूलो गरौ आऊ सबै जुटौं..., हिंड मेरा दाइ हो झम्पल बोकेर...जस्ता गीत पनि प्रस्तुत गरिएको थियो ।*

## ओखलढुंगाको सात स्थानमा नाट्य संगीत थेरापी



ओखलढुंगा । नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको आयोजना र प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा पूर्वाञ्चलको कार्यक्रममा १२ जेठमा ओखलढुंगाको पुरानो बजारबाट सुरू भयो । नाट्य संगीत थेरापी कार्यक्रममा सभासद् रामहरि खतिवडासहित स्थानीयको उपस्थिति थियो । कार्यक्रममा भूकम्प जनचेतना सम्बन्धी नाटक 'आयो नभन्नु ल' मञ्चन गरियो । सिँचाइमन्त्री एनपी साउद उपस्थित हुनु भई कलाकारहरूलाई हौसला प्रदान गर्नुभएको थियो । सभासद् रामहरि खतिवडाले कार्यक्रम अति राम्रो भएको बताउनुभयो । कार्यक्रम संयोजक उदय श्रेष्ठले विभिन्न गीत संगीत पस्केर दर्शकको मन जित्नुभयो ।

सोही कार्यक्रम ओखलढुंगा जिल्ला विकास समितिको प्रांगणमा १२ जेठमा सम्पन्न गरियो । कार्यक्रममा सरकारी कर्मचारी, रेडक्रसका सदस्यहरू, प्राविधिक कार्यालयका कर्मचारीहरू, सेना, प्रहरी, सशस्त्र, स्थानीय व्यक्तिहरू तथा विभिन्न राजनीतिक पार्टीका जिल्ला अध्यक्ष र पदाधिकारीको उपस्थिति थियो । त्यहाँ राहत लिन आएका स्थानीय तथा

जिल्लाबाट टाढा रहेका व्यक्तिहरूलाई लक्षित गरेर सो नाटक मञ्चन गरिएको थियो । सो नाटक सान्दर्भिक र समय अनुकूल भएको प्रमुख जिल्ला अधिकारी गणेश भट्टराईले बताउनुभयो ।

ओखलढुंगाको रामपुरमा १२ जेठमा सांस्कृतिक अभियान सम्पन्न भयो । कार्यक्रम संयोजक प्राज्ञ उदय श्रेष्ठले राष्ट्रिय गीत गाउनु भएपछि नाटक मञ्चन सुरू गरियो । कार्यक्रममा नेपाली कांग्रेसका नेता एवं पूर्वसभासद् होमनाथ दाहालले नाटक समसामयिक भएको बताउँदै भूकम्पले निम्त्याएको समस्याबारे प्रकाश पार्नुभएको थियो । कार्यक्रममा बहुसंख्यक रूपमा स्थानीय स्कुलका विद्यार्थीहरू उपस्थित थिए ।

१२ जेठमा सो सांस्कृतिक अभियानअन्तर्गत प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा कवि सिद्धिचरण श्रेष्ठको जन्मस्थल नजिकै गणेशटोलमा नाटक 'आयो नभन्नु ल' मञ्चन गरियो । कार्यक्रममा सभासद् हर्कबोल राई, नेकपा एमालेका जिल्ला अध्यक्ष मोहन श्रेष्ठ, जिल्ला प्रशासन प्रमुखसहित विभिन्न पार्टीका व्यक्ति तथा स्थानीय जनसमुदायहरूको बाक्लो उपस्थिति थियो । कार्यक्रम गर्दैगर्दा अँध्यारो भइसकेको अवस्थामा सबै दर्शकहरूले आ–आफ्नो मोबाइलको बत्ती बाली कलाकारहरूको हौसला बढाएका थिए ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको प्राज्ञ उदय श्रेष्ठको संयोजकत्वमा १३ जेठमा रूम्जाटारको एअरपोर्ट नजिकैको खेल मैदानमा नाटक मञ्चन गरियो । कार्यक्रममा ५ वर्षका आदत गुरूङको नृत्यले दर्शकहरू रमाए । नाटकको सुरूदेखि अन्त्यसम्म दर्शकले पूर्णरूपमा मनोरञ्जन लिएका थिए ।

कार्यक्रममा मञ्चित नाटक 'आयो नभन्नु ल' ले मन छोएको निवर्तमान रूम्जाटार गाविसका अध्यक्ष सीताराम गुरूङले बताउनुभयो । राष्ट्रिय जनसांस्कृतिक महासंघका सहकोषाध्यक्ष जंग पहाडीले अति नै राम्रो र सान्दर्भिक नाटक रहेको प्रतिक्रिया दिनुभयो । नाटक हेर्न आएका दर्शकसमेत नाटकको पात्र भई अभिनय गरेका थिए । कार्यक्रममा सीताराम गुरूङ, जंग पहाडी र हिमाली दाहालले भूकम्पसम्बन्धी कविता वाचन गर्नुभएको थियो ।

सोही दिन ओखलढुंगाको रमाइलो डाँडामा प्रज्ञा परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा सांस्कृतिक अभियान सञ्चालन गरियो । प्राज्ञ श्रेष्ठले समेत कार्यक्रममा आफ्ना चर्चित गीत सुनाउनुभयो । कार्यक्रममा प्रस्तुत नाटक 'आयो नभन्नु ल' लाई दर्शकले मन पराए । सो नाटकको दर्शकले खुलेर प्रशंसा गरे

प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजन र प्राज्ञ सभा सदस्य आशाकाजी श्रेष्ठको नाट्य टिमले १५ जेठमा ओखलढुंगाकै मानेभञ्ज्याङमा नाट्य थेरापी तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गर्‍यो । भूकम्पबाट त्रसित स्थानीयहरूले नाटक 'आयो नभन्नु ल' हेरेपछि भूकम्पबाट सावधान र सुक्षित रहनेबारे जानकारी पाएको प्रतिक्रिया दिए । कार्यक्रम सकारात्मक र समय सान्दर्भिक रहेको कार्यक्रममा उपस्थित युवाहरूको टिप्पणी थियो ।

## सोलुका तीन ठाउँमा सांस्कृतिक अभियान

सोलुखुम्बु । नेपाल संगीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको आयोजनामा सोलुखुम्बुको सल्लेरीमा १४ जेठमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान–२०७२' सम्पन्न भयो । प्रतिष्ठानको प्राज्ञ परिषद सदस्य उदय श्रेष्ठको संयोजकत्वमा भएको सो



कार्यक्रममा 'आयो नभन्नु ल' नाटक मञ्चन गरिएको थियो । कार्यक्रममा सल्लेरी बजारका दर्शकको उल्लेख्य उपस्थिति थियो । नाटक मञ्चनपछि कार्यक्रमबारे प्राज्ञ परिषद् सदस्य श्रेष्ठले प्रकाश पार्नुभएको थियो ।

१४ जेठमै सोलुको नयाँ बजारमा पनि सांस्कृतिक जनचेतना अभियान सञ्चालन गरियो । प्राज्ञ परिषद् सदस्य श्रेष्ठको संयोजकत्वमा भएको सो कार्यक्रममा स्थानीयसहित दुई फ्रान्सेली नागरिक पनि सहभागी भए । नाटकमा सहभागी भएर उनीहरूले आफ्नै भाषामा अभिनय गरे । विदेशी नागरिकले नाटकमा अभिनय गर्दा दर्शकले रमाइलो माने । नाटक 'आयो नभन्नु ल' समसामयिक भएको स्थानीयले प्रतिक्रिया दिए । सो स्थानमा भूकम्पबाट आफन्त गुमाएर काजकिरिया बसेकाहरूले सुरुमा कार्यक्रम नगर्नु भने । कार्यक्रम सकिएपछि उनीहरूले नै आएर कलाकारलाई खादा लगाउँदै खाजाको व्यवस्थासमेत गरिदिए ।

सोलुकै फाप्लुमा १५ जेठमा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान–२०७२' आयोजना गरियो । कार्यक्रममा पनि 'आयो नभन्नु ल' नाटक मञ्चन गरियो । त्यहाँ पनि दुःखको बेला नाचगान नगर भनेर केही दर्शकले आपत्ति जनाए । कार्यक्रम सकिएपछि तिनै दर्शकले आएर नाटक साह्रै राम्रो लागेको बताउँदै सुरूमा गरेको व्यवहारप्रति माफी मागे । स्थानीय जंगराज तामाङ, डोल्मा शेर्पाले नाटकको खुलेर प्रशंसा गरे । स्थानीय एफएमहरू र पत्रपत्रिकाले कार्यक्रमबारे प्रकाशन तथा प्रसारण गरेका थिए ।

## खोटाङको हलेसीमा दर्शक रमे



खोटाङ । प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा खोटाङको हलेसीमा १६ जेठमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' सम्पन्न भयो ।

सो कार्यक्रमबारे प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले स्पष्ट पार्नुभयो । उहाँले देशभक्ति गीत गाएर कार्यक्रम सुरु गर्नुभयो । कार्यक्रममा नाटक 'आयो नभन्नु ल' मञ्चन गरियो ।

दर्शकहरू नाटक हेर्न उत्साहित देखिन्थे । उनीहरू नाटकसँगै करिब एक घन्टा रमे । नाटकको समापन छि दर्शकहरूले सकारात्मक प्रतिक्रिया दिए । नाटकमा कलाकारले गरेको अभिनयको उनीहरूले खुलेर प्रशंसा गरे ।

# उदयपुर घुर्मीमा नाट्य थेरापी

उदयपुर । 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' अन्तर्गत १६ जेठमा उदयपुरको घुर्मीमा नाट्य थेरापी आयोजना गरियो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले भूकम्पबारे सचेतना अपनाउन यस्तो कार्यक्रम आयोजना गर्न लागिएको बताउनुभयो । कार्यक्रममा मञ्चन गरिएको नाटक 'आयो नभन्नु ल' आफूहरूले भोगेको समस्यासँग यथार्थ मिल्दो रहेको कार्यक्रको समापनपछि स्थानीय डिल्लीमाया मगरले बताउनुभयो । भुकम्पबाट धेरै डराएको अवस्थामा सो नाटकले आफ्नो डर कम गरेको पनि उहाँले प्रतिक्रिया दिनुभयो ।



# धरानमा संगीत तथा साहित्य कार्यक्रम

धरान । नेपाल संगीत नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा धरानमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' सम्पन्न भयो । सो सांस्कृतिक तथा साहित्य कार्यक्रम २०४५ सालको भूकम्पमा दिवंगत भएकाहरूको स्मृतिमा बनाइएको धरानको भानुचोकस्थित घन्टाघर बगैंचामा भएको थियो ।

२३ जेठमा आयोजित सो कार्यक्रममा भूकम्पीय जनचेतनासँगै स्थानीय धराने माइला, गायक लक्ष्मण अधिकारी, समिर सिंह, गायिका सावेला राईले आफ्ना चर्चित गीतसंगीत प्रस्तुत गर्नुभयो । साहित्यकारहरू कुन्ता शर्मा, बम देवान, बद्री पालिखेले भूकम्पसम्बन्धी विभिन्न कविता वाचन गर्नुभयो ।

कार्यक्रममा पूर्वमेयर मनोज मेयाङ्बोले धरानमा ०४५ मा मृत्यु भएकाहरूको स्मृतिमा बनाइएको स्तम्भबारे प्रकाश पार्दै प्रतिष्ठानले स्तम्भको प्रांगणमा गरेको कार्यक्रम अर्थपूर्ण भएको बताउनुभयो । धरानका अग्रज बुद्धिजीवी कृष्णप्रसाद श्रेष्ठ 'बीए' ले १९९० सालको, २०४५ सालको र अहिलेको भूकम्पबारे अनुभव सुनाउँदा दर्शकले निकै चाख मानेका थिए ।

यस्तै, धरान उपमहानगरपालिकाका इन्जिनियर हस्तकुमार राईले भूकम्पपछि चर्किएको तथा भत्किएको घरमा अपनाउनुपर्ने सावधानीबारे जानकारी गराउनुभयो । स्थानीय संयोजक हिमायती सांस्कृतिक परिवारका अध्यक्ष हर्क चुम्बेले कार्यक्रम निकै राम्रो भएको बताउनुभयो ।

कार्यक्रम संयोजक एवं परिषद् सदस्य माधव प्रधानले भूकम्पबारे जनचेतना जगाउन धरानमा कार्यक्रम गरिएको बताउँदै सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । सो कार्यक्रम हिमायती परिवारका सदस्य जसकुमार राईले सञ्चालन गर्नुभएको थियो । यस्तै, हिमायती परिवारका जीवन भट्टराई, किशोर श्रेष्ठ, सुरेश श्रेष्ठ, कुन्ती योञ्जन, रविन शिवाले कार्यक्रमको व्यवस्थापन गर्नुभएको थियो । कार्यक्रम सफल पार्न धरानको स्थानीय व्यक्तित्वहरू माधवगोविन्द श्रेष्ठ, प्रभुप्रसाद श्रेष्ठ, भवानी बराल, शंकरमान श्रेष्ठ, उर्मिला श्रेष्ठ, नरप्रसाद लिम्बू, बसन्ती थेबेलगायतको उल्लेख्यनीय सहयोग रहेको थियो ।



# उपत्यकामा भव्य भयो

# सांस्कृतिक अभियान

*काठमाडौं । गत वैशाखको महाभूकम्पले निम्त्याएको विनाश र काठमाडौं उपत्यकावासीमा त्यसले पारेको प्रभाव कम गर्न नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले काठमाडौं उपत्यकाका विभिन्न स्थानमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान २०७२' सम्पन्न गऱ्यो ।*

*सो अभियानअन्तर्गत प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको संयोजकत्वमा कीर्तिपुर, हरिसिद्धि, जितपुरफेदी, बुढानिलकण्ठ, ठिमीलगायतका स्थानमा सांस्कृतिक अभियान सम्पन्न भयो । त्यस्तै, प्रतिष्ठानका प्राज्ञ, परिषद् सदस्य, उन्नति बोहोरा 'शिला'को संयोजकत्वमा काठमाडौंको टुँडिखेल, गोलढुंगा, जोरपाटी र कपनमा, अर्का प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा पुरानो बानेश्वर, शंखमूल, धुम्बाराही, चापागाउँ र अर्का प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा भोटाहिटी, मंगलबजार, भक्तपुरमा सांस्कृतिक अभियान सम्पन्न भयो । सो अभियान यसप्रकार रहेको छ :*

## उपकुलपतिसँगै रमे बालबालिका

कीर्तिपुर । गत १२ जेठ दिउँसो नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा कीर्तिपुरको बागभैरवका बालबालिकामाझ हुनुहुन्थ्यो ।

सो प्रतिष्ठानद्वारा भूकम्पको त्रास हटाउँदै बालबालिकामा आत्मविश्वास बढाउन आयोजित 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' कार्यक्रम लिएर त्यहाँका बालबालिकामाझ पुग्नुभएको थियो । कार्यक्रममा उपकुलपतिसँगै बालबालिकाले उहाँका विभिन्न चर्चित गीत गाएर तथा नाचेर मनोरञ्जन लिँदै केही क्षण भए पनि भूकम्पको पीडा बिर्सने अवसर पाए ।

महाभूकम्पपछि महिला, बालबालिकाहरूको त्रासलाई घटाउँदै उनीहरूलाई मनोथेरापी दिन आफूहरूले यस्तो अभियान सञ्चालन गरेको कार्यक्रम संयोजक एवं उपकुलपति बासकोटाले कार्यक्रममा बताउनुभयो । नाट्यकर्मी सुरेश चन्द, हरिशरण खनालले नाट्य थेरापीमार्फत बालबालिकालाई मनोरञ्जन प्रदान गर्नुभयो । स्थानीय बालबालिकाले भूकम्पीय पीडा बिर्सेर करिब तीन घन्टा मनोरञ्जन लिएका थिए ।

## हरिसिद्धिमा कलाकारसँगै नाचे बालबालिका



ललितपुर । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको




आयोजनामा १३ जेठमा ललितपुरको हरिसिद्धिमा मनोपरामर्शसहितको 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' आयोजना गरियो। प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको संयोजकत्वमा सम्पन्न सो कार्यक्रममा स्कुल बन्द भएको र दिनदिनै भूकम्प आउँछ भन्ने डरले त्रसित रहेका बालबालिकाले कलाकारहरूसँग नाचगानसहित रमाइलो गर्ने अवसर पाए ।

कार्यक्रममा सम्बन्धित विज्ञबाट बालबालिकाहरूलाई भूकम्प के हो, यसबाट बच्ने उपायलगायत यस्तो विषम परिस्थितिमा धैर्यधारण गरी फैलन सक्ने प्रकोप न्यूनीकरणका लागि अपनाउनुपर्ने सावधानीबारे पनि प्रशिक्षण दिइएको थियो ।

यो कार्यमा बालबालिकाको मनोविज्ञान बुझेर उपकुलपति बासकोटाले केही गीत गाउँदा बालबालिकाहरूले उहाँसँगै गीत गाए । उहाँको गीतमा बालबालिकाहरू नाच्नसमेत पछि परेनन् । सो कार्यक्रमबाट बालिबालिकामा भूकम्पको त्रास कम भएको अनुभव आफूले गरेको उहाँले बताउनुभयो ।

बालबालिकाहरूको मस्तिष्कमा भूकम्पले पारेको नकारात्मक प्रभाव हटाउन अभिनेता कृष्ण मल्ल, अभिनेत्री शर्मिला मल्ल र कलाकार नारायण प्रधानले विभिन्न मनोरन्जनात्मक बाल खेल खेलाउनुभयो। कलाकार प्रधान र हास्यकलाकार रामचन्द्र अधिकारीले भूकम्पपछिको अवस्थामा सबैलाई मिलेर बस्ने सन्देश प्रवाह हुने बालनाटक प्रस्तुत गर्नुभयो ।

त्यसपछि उत्साहित भएका बालबालिकाहरूले गीत, नृत्य, तथा हास्यव्यंग्य प्रस्तुत गरे। कार्यक्रममा हरिसिद्धि क्षेत्रका करिब दुई सय बालबालिका, महिलालगायतले सहभागिता जनाएका थिए ।

## बौद्धमा गायन, नृत्य र प्रहसन

काठमाडौ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको अगुवाइमा गत जेठमा बौद्धस्थित जेनेसिस एकेडेमीमा सांस्कृतिक कार्यक्रम आयोजना गरियो । प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रमको व्यवस्थापन मेसेन्जर ब्यान्डका गायक राजेश हमालले गर्नुभएको थियो ।

नेपाल संगीत तथा नृत्य प्रज्ञा-प्रतिष्ठानले भूकम्प प्रभावित विभिन्न जिल्लाका ठाउँठाउँमा यस्ता सांस्कृतिक कार्यक्रम गरेर जनमानसमो भूकम्पको त्रास घटाउने कार्य गरेको उपकुलपति बासकोटाले कार्यक्रममा बताउनुभयो ।

हास्य टेलिशुंखला जिरे खुर्सानीका शिवहरि पौडेल, देवी पराजुली 'भोक लाग्यो' को प्रहसनमा दर्शकहरू निकै बेर हाँसे । यी दुई कलाकारले भूकम्पसँग सम्बन्धित विभिन्न प्रहसन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा हमालको गीतमा स्कुले विद्यार्थीहरू निक्कै झुमेको पाइयो । साथमा हमाललाई अभिनेत्री मोनिका दाहालले नृत्यमा साथ दिनुभएको थियो। प्रदशोन्मुख चलचित्र राहदानीकी अभिनेत्री दाहालले नृत्य गर्दा बालबालिकाहरू हौसिँदै सँगै नाच्न पछि परेनन्। कायक्रममा अभिनेत्री दाहालले आफू नाच्नुका साथै बालबालिकालाई पनि नचाउँदै कार्यक्रम अझ जमेको देखियो ।

अभिनेत्री दाहाल, गायक हमालसँगै सो कार्यक्रममा गायक प्रेम लामा, अर्का पप गायक प्रमोद निर्वाणले आफ्ना चर्चित गीत प्रस्तुत गर्नुभयो। स्थानीय कलाकारले समेत कार्यक्रममा नृत्यमार्फत मनोरञ्जन दिएका थिए ।

## जीतपुरफेदीमा उपकुलपतिसँग रमाए बालबालिका

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले १४ जेठमा काठमाडौंको तार्केश्वर नगरपालिका जीतपुरफेदीमा रहेको खडवालकोट प्राथमिक विद्यालयको प्रांगणमा सांस्कृतिक कार्यक्रम आयोजना गऱ्यो ।

गत वैशाखको विनाशकारी भूकम्पको त्रासदीपूर्ण असामान्य

परिस्थितिलाई क्रमशः सामान्यीकरणतर्फ लैजान 'भूकम्पसम्बन्धी जनचेतना सांस्कृतिक अभियान-२०७२' अन्तर्गत सो विद्यालयमा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानका उपकुलपति तथा सो कार्यक्रमका संयोजक शम्भुजीत बासकोटाले कार्यक्रममा बताउनुभयो ।

कार्यक्रममा दुई सयभन्दा बढी बालबालिकाहरूले संगीत तथा नाट्यकलाका विविध क्रियाकलापबाट मनोरञ्जन लिएका थिए । जसका कारण उनीहरूमा भएको तनाव, त्रास र मनोसामाजिक असरलाई न्यूनीकरण तथा निराकरणमा मद्दत पुगेको उपकुलपति बासकोटाले बताउनुभयो । उपकुलपति बासकोटाले आफ्ना केही चर्चित गीतको हरफ गाउँदा उहाँसँगै रमाउँदै केही बालबालिकाले गीत गाए भने केही बालबालिकाले मन खोलेर नाचे । उहाँले भूकम्प तथा पराकम्पका कारण विस्थापित हुन पुगेका महिला तथा बालबालिकाहरू विभिन्न किसिमका हिंसा एवं बेचविखन तथा ओसारपसार जस्ता जोखिम रहन सक्ने भएकाले यसतर्फ सचेत रहन उपस्थितहरूलाई आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा वरिष्ठ नाट्यकर्मी हरिशरण खनाल र सुरेश चन्दले नाट्य थेरापीमार्फत विद्यार्थीलाई मनोरञ्जन प्रदान गर्नुभयो । यस्तै वरिष्ठ गायिका मञ्जु थापा लामा, संगीतकार भेशु थापा, गायिका अनिता श्रेष्ठले प्रस्तुत गर्नुभएको गीतबाट पनि बालबालिकाहरूले मनोरञ्जन लिए । कलाकारले गीत गाउँदा बालबालिका छमछमी नाचेका थिए । प्रज्ञा प्रतिष्ठानका तर्फबाट प्रशासन अधिकृत दीपक बोहराले कार्यक्रममा सहभागी बालबालिकाहरूलाई साहित्यिक पुस्तकहरू वितरण गर्नुभएको थियो ।

## बुढानिलकण्ठ र ठिमीमा नाट्य थेरापी

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको संयोजकत्वमा १५ जेठमा काठमाडौंको बुढानिलकण्ठस्थित जनउद्धार माविमा नाट्य थेरापी कार्यक्रम आयोजना गरियो । 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' अन्तर्गत भूकम्बबाट प्रभावित विद्यार्थीहरूमा त्रास घटाउँदै उनीहरूलाई मनोरञ्जन प्रदान गर्न सो स्कुलमा नाट्य थेरापी गरिएको कार्यक्रम संयोजक बासकोटाले बताउनुभयो ।

उहाँले भूकम्प हाम्रो साथी हो...जस्ता गीत गाउँदा उहाँसँगै गीत गाउँदै विद्यार्थीहरू नाचेका थिए । भूकम्पबाट कसरी सुरक्षित रहने भन्नेबारे पनि उहाँले विद्यार्थीहरूलाई जानकारी गराउनुभयो ।



नाट्यकर्मी विजय विष्फोटले सो विद्यालयका विद्यार्थीलाई नाट्य थेरापीअन्तर्गत अभिनय, नाटक, खेलमार्फत उनीहरूलाई डेढ घन्टा हँसाउँदै, नचाउँदै मनोरञ्जन गराउनुभयो । उहाँलाई अर्का नाट्यकर्मी जेबी डिसीले सघाउनुभएको थियो । सो नाट्य थेरापीबाट त्यहाँका विद्यार्थीले आफूहरूमा डर त्रास केही कम भएको बताए ।

यस्तै, १६ जेठमा भक्तपुरको ठिमीस्थित विनायक शिक्षा निकेतनको प्रांगणमा त्यहाँका विद्यार्थीहरूलाई भूकम्पको त्रास घटाउन नाट्य थेरापी गरियो । कार्यक्रममा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले विद्यार्थीहरूसँग भेटघाट गरेर उनीहरूको आत्मविश्वास बलियो बनाउन प्रेरित गर्नुभयो । उनीहरूको आग्रहमा उहाँले एक/दुईओटा गीत गाउँदा विद्यार्थीहरूले सँगै गीत गाउँदै नाचे । यस्तो मनोपरामर्शपछि विद्यार्थीहरूमा त्रास कम हुँदै आत्मविश्वास बढेकाले यस्तो कार्यक्रम गरिएको उहाँले बताउनुभयो ।

त्यहाँ पनि नाट्यकर्मी विजय विष्फोटले तीन घन्टासम्म नाट्य थेरापी गराउनुभएको थियो । सो क्रममा उहाँले विद्यार्थीहरूको मनाविज्ञान हेरेर उनीहरूलाई तीन समूहमा विभाजन गर्नुभयो । भूकम्पबाट अति त्रसित नभएको, सामान्य त्रसित भएको र भूकम्पको डर नरहेको गरी विद्यार्थीलाई तीन समूहमा विभाजन गरेर सोहीअनुसारको थेरापी दिनुभएको थियो ।

विद्यार्थीहरूले सिठ्ठी बजाए, भूकम्पको अनुभव गरेर, त्यसबाट जोगिए उपाय अवलम्बन गरेर तथा विभिन्न खेल र नृत्यबाट भूकम्पबारे जनचेतना हासिल गरे । कार्यक्रममा उनीहरूले विभिन्न प्रक्रियाबाट तीन घन्टा मनोरञ्जन लिए । नाट्य थेरापीमा भूकम्पको पीडा बिर्सेर विद्यार्थीहरू हाँसेको दृश्यले आफूलाई निकै सन्तुष्ट मिलेको विष्फोटले बताउनुभयो । नाट्य थेरापीका लागि विष्फोटलाई अर्का रंगकर्मी जेबी डिसीले सघाउनुभएको थियो ।



# चापागाउँमा मनोज थेरापी



काठमाडौं। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको संयोजनमा ललितपुरको चापागाउँस्थित कञ्चन अंग्रेजी माविको प्रांगणमा १५ जेठमा सांस्कृतिक कार्यक्रम आयोजना गरियो।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा सम्पन्न 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' अन्तर्गत सो कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा अग्रज चलचित्र निर्देशक लय संग्रौलाले विद्यार्थीहरूलाई भूकम्पबाट नतर्सिई मनोवैज्ञानिक रूपमा दह्रो हुनुपर्ने सुझाव दिनुभयो। अग्रज गायिका रिमा गुरूङले गीत गाएर उपस्थित समूहलाई मनोरञ्जन प्रदान गर्नुभयो। यस्तै, हास्यव्यँग्य कलाकार मनोज गजुरेलले मनोज थेरापी शीर्षकका प्रहसन गरेर दर्शकलाई निकै हँसाउनुभयो। प्राज्ञ सभा सदस्य कृष्णभक्त महर्जनको प्रहसनमा पनि दर्शक निकै हाँसेका थिए। कार्यक्रममा अग्रज चिकित्सिक रञ्जित झाले भूकम्पपछि स्वास्थ्य अवस्था कसरी राम्रो राख्ने र भूकम्पबाट कसरी सुरक्षित हुने भन्नेबारे प्रशिक्षण दिनुभयो।

यस्तै, कार्यक्रममा इन्जिनियर महेन्द्र गुरूङले भूकम्पमा घर चर्किएर अत्तालिएका स्थानीयहरूलाई इन्जिनियरिङ दृष्टिकोणले कस्ता घरमा बस्नु हुने या नहुने भन्नेबारे परामर्श प्रदान गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा विद्यालयका प्राचार्य नवराज महतले संगीत नाट्य प्रज्ञा प्रतिष्ठानले समय सान्दर्भिक कार्यक्रम आयोजना गरेको भन्दै विद्यालयको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो।

# पुरानो बानेश्वरमा सांस्कृतिक अभियान



काठमाडौं। गत वैशाखको महाभूकम्पको त्रास घटाउन नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा गत १७ जेठमा काठमाडौंको पुरानो बानेश्वरस्थित भ्याली भ्यु इंग्लिस स्कुलमा विविध कार्यक्रम आयोजना गरियो।

'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' अन्तर्गत सो विद्यालयका बालबालिकामाझ सांस्कृतिक कार्यक्रम आयोजना गरिएको हो। प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा भएको सो कार्यक्रममा प्रधानले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो।

विद्यालयका विद्यार्थी, शिक्षक र अभिभावकहरूमाझ कलाकारहरू लय संग्रौला, दिनेश डिसी, टीका भण्डारी, रिमा गुरूङ, माया थापा, अमृत खाती र कृष्टिना पुनले प्रहसन, गीत संगीत एवं नृत्य प्रस्तुत गर्नुभएको थियो। प्राज्ञ सभा सदस्य कृष्णभक्त महर्जनले हास्य प्रस्तुति दिनुभएको थियो। सो विद्यालयका सहप्राचार्य सुवास चन्द्रले आफ्नो विद्यालयमा कार्यक्रम आयोजना गरिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो।

# धुम्बराहीमा नाचगान र प्रहसन

काठमाडौं। यसपटकको महाभूकम्पबाट त्रसित बालबालिकाहरूमा



भूकम्पको डर घटाउँदै उनीहरूमा आत्मविश्वास बढाउन गत १९ जेठमा राजधानीको धुम्वाराहीस्थित इनसाइन इंग्लिस स्कुलमा विविध सांस्कृतिक कार्यक्रम आयोजना गरियो।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको संयोजनामा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' अन्तर्गत यस्तो कार्यक्रम गरिएको हो।

प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजन तथा सञ्चालनमा सम्पन्न कार्यक्रममा प्राज्ञ सभा सदस्य कृष्णभक्त महर्जनले हास्य प्रस्तुति दिनुभएको थियो। सांस्कृतिक कार्यक्रममा कलाकारहरू लय संग्रौला, टीका भण्डारी, हास्यकलाकार गणेश पौडेल, लोकगायक अमृत खाती, लोकगायिका गीता सेन्चुरीले गीतसंगीत तथा प्रहसन प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको समापनमा विद्यालयका प्राचार्य भीमकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभयो।

# शंखमूलमा प्रहसन तथा गायन

काठमाडौं। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको प्रमुख आतिथ्यमा २० जेठमा राजधानीको शंखमुलस्थित निरेक इंग्लिस स्कुलमा विविध सांस्कृतिक कार्यक्रम आयोजना गरियो।

'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोकत्वमा सम्पन्न सो कार्यक्रममा कलाकार लय संग्रौलाले भूकम्पबारे जनचेतना जगाउने धारणा राख्नुभयो। उपकुलपति बासकोटाले भूकम्पलाई गाली गर्ने हैन, सराप्ने हैन, साथी बनाउनु तथा माया गर्नुपर्छ भन्नुभयो। उहाँले भूकम्बबाट कसरी सुरक्षित रहने भन्नेबारे कार्यक्रममा उपस्थितलाई जानकारी गराउनुभयो। कार्यक्रममा संगीतकार टीका भण्डारीको गायनमा विद्यार्थीहरू भूकम्पको पीडा बिर्सँदै नाचेका थिए। यस्तै, राजा राजेन्द्रले 'राजा राजेन्द्रको थोरापी' शीर्षकमा भूकम्पबाट त्रसित विद्यार्थीलाई प्रहसन गरेर हँसाउँदै त्रासमुक्त हुन अनुरोध गर्नुभयो।

# टुँडिखेलमा कलाकारसँगै नाचे बालबालिका



काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित 'भूकम्पबारे जनचेतना तथा सांस्कृतिक अभियान-२०७२' गत १९ जेठमा राजधानीको टुँडिखेलमा सम्पन्न भयो । प्राज्ञ परिषद् सदस्य उन्नति बोहोरा 'शिला'को संयोजकत्वमा भएको सो सांस्कृतिक अभियानमा आफ्ना घर भत्किएपछि राजधानीको टुँडिखेलमा पालमुनि बसेका बालबालिकाहरूले कलाकारहरूसँग नाच्ने र गाउने अवसर पाए ।

कार्यक्रममा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त'ले भूकम्पबाट त्रसित भएका बालबालिकाको मन भूलाउन केही दिनयता चेतनामूलक सांस्कृतिक कार्यक्रम सञ्चालन गर्दै आएको बताउनु भयो ।

यस्तै, कार्यक्रममा उपकुलपति संगीतकार शम्भुजीत बास्कोटाको साथ पाउँदा दर्शकहरू खुसी भएका थिए । बालबालिकाहरूले कार्यक्रममा कलाकारसँगै खुलेर नाचगान पनि गरे ।

सो क्रममा गायिका तथा गीतकार उन्नति बोहोरा 'शिला' ले गीत गाउँदा बालबालिकाले ताली बजाउँदै उहाँको साथ दिएका थिए । टेलिचलचित्र मेरी बास्सैकी निरू खडका 'ठ्यास कुमारी' लगत्तै मञ्चमा उत्रिँदा उत्साहित हुँदै दर्शकले ताली बजाए । कलाकार खड्काले हामी सँगै नाचौं है भनेपछि बालबालिकाहरू खुसी हुँदै उहाँसँगै अभिनय गर्न र नाच्न पछि परेनन् । 'छलछल पानी...' गीतमा निरूले नृत्य गर्दा बालबालिकाले उहाँलाई साथ दिएका थिए । सो क्रममा बालबालिकाहरूले विभिन्न हास्यकलाकारको नक्कल गरेर त्यहाँ उपस्थित कलाकारलाई नै हँसाए ।

प्राज्ञ बोहोराले कार्यक्रममा भन्नुभयो, 'भूकम्पबाट त्रसितबारे बालबालिकाहरूमा जनचेतना जगाउँदै उनीहरूमा आत्मविश्वास बढाउन हामीले विभिन्न ठाउँमा पुगेर यस्ता कार्यक्रम गर्दै आएका छौं ।' उहाँले कार्यक्रममा उपस्थित बालबालिकालाई चकलेट र बिस्कुट पनि वितरण गर्नुभयो । सो कार्यक्रममा प्राज्ञ परिषद् सदस्यहरू उदय श्रेष्ठ र पुष्कर गुरूङको पनि सहभागिता थियो ।

यस्तै, प्राज्ञ परिषद् सदस्य उन्नति बोहोरा 'शिला'को संयोजकत्व तथा महिला गीतकार संघ नेपाल र सञ्चारिका समूहको सहभागितामा १५ जेठमा काठमाडौंको रामकोटास्थित भीमढुंगामा सांस्कृतिक तथा साहित्य कार्यक्रम सम्पन्न भयो । बाल कलाकार अक्षता अधिकारीको नृत्यले कार्यक्रमको रौनकता बढाएको थियो । कार्यक्रममा स्थानीय विभिन्न कलाकारले गीतसंगीत र नृत्य प्रस्तुत गरेको थियो ।

प्राज्ञ बोहोराकै संयोजकत्वमा १६ जेठमा काठमाडौंस्थित जोरपाटीको पीपलबोटमा विविध सांस्कृतिक कार्यक्रम गरियो । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित सो कार्यक्रममा अक्षतासहित स्थानीय कलाकारले नृत्य र गीत संगीत प्रस्तुत गर्दा आसपासका दर्शकहरूको भीड लागेको थियो ।

यस्तै, कार्यक्रम प्राज्ञ बोहोराकै संयोजकत्वमा १७ जेठमा काठमाडौं कपनस्थित समता स्कुलमा सम्पन्न भयो । बालकलाकार अक्षता अधिकारीले नृत्य प्रस्तुत गरेपछि सो विद्यालयका बालबालिका पनि नाच्न गाउन थालेका थिए । कार्यक्रममा स्कुलका विद्यार्थीले आफ्ना साथी, गुरू र कार्यक्रममा सहभागी महिला गीतकार संघ नेपाल र सञ्चारिका समूहका प्रतिनिधिलाई मनोरञ्जन दिएका थिए । यस्तै, प्राज्ञ बोहोराकै संयोजकत्वमा दोलखाको चरिकोटस्थित टुँडिखेलमा पनि भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।





सिन्धुली, बनेपा र काठमाडौं उपत्यकामा

# सांस्कृतिक कार्यक्रम

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा १७ जेठमा सिन्धुलीको चैनपुरस्थित शीतलपाटीमा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो । टोलीले त्यहाँ 'आयो नभन्नु ल' नाटक मञ्चनसहित गीतसंगीत प्रस्तुत गरेको थियो । स्थानीय स्कुल नजिकैको चौतारोमा गरिएको सो कार्यक्रममा स्कुलका विद्यार्थीको बाक्लो उपस्थिति थियो ।

प्राज्ञ परिषद् सदस्य श्रेष्ठको संयोजकत्वमा १७ जेठ बेलुका काभ्रेका बनेपामा नाटक मञ्चन तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो । त्यहाँ मञ्चन गरिएको 'आयो नभन्नु ल' नाटकलाई दर्शकले निकै मन पराए । कार्यक्रममा संयोजक श्रेष्ठ आफ्ना केही चर्चित राष्ट्रिय भावनाले ओतप्रोत गीतहरू प्रस्तुत गर्नुभयो ।

काठमाडौं उपत्यकामा भूकम्पबाट प्रभावित सर्वसाधारणलाई गीतसंगीत तथा नाटकबाट मनोरञ्जन दिँदै भूकम्पको त्रास कम गराउन प्राज्ञ परिषद् सदस्य श्रेष्ठको संयोजकत्वमा १८ वैशाखमा भक्तपुरको सूर्यविनायक, काठमाडौंको भोटाहिटी र ललितपुरको दरबार क्षेत्रमा सांस्कृतिक कार्यक्रम गरियो ।

१८ जेठ बिहान भक्तपुरको सूर्यविनायक नजिकैको एभरेष्ट इंग्लिस स्कुलको प्रांगणमा गरिएको सो सांगीतिक कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीयको उपस्थिति रहेको संयोजक श्रेष्ठले जानकारी गराउनुभयो । कार्यक्रमले विद्यार्थीमा सकारात्मक प्रभाव परेको प्रतिक्रिया विद्यालयका प्राचार्यले दिनुभएको थियो ।

यस्तै, १८ जेठ दिउँसो काठमाडौंको भोटाहिटीमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्त, उपकुलपति शम्भुजीत बासकोटा र श्याम तमोटको उपस्थितिमा प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठकै संयोजकत्वमा सांस्कृतिक कार्यक्रम भयो । कार्यक्रममा 'आयो नभन्नु ल' नाटकसहित गीतसंगीत प्रस्तुत गरिएको थियो । हजारौं दर्शकले सो कार्यक्रममा मनोरञ्जन लिए । संयोजक श्रेष्ठले कार्यक्रमबारे जानकारी गराउनुभयो । अन्त्यमा नाटकसँगै जोडेर वरिष्ठ श्याम तमोटको गीत  हिँड मेरा दाइ हो झम्पल बोकेर गाउँदै श्रेष्ठले कार्यक्रम समापन गर्नुभएको थियो ।

यस्तै, १८ जेठ अपरान्ह प्राज्ञ परिषद् सदस्य श्रेष्ठकै टोलीले ललितपुरको दरबार क्षेत्रको कृष्ण मन्दिरको प्रांगणमा सांस्कृतिक कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रमको उद्देश्य प्राज्ञ श्रेष्ठले प्रस्टयाउनु भएको थियो भने प्राज्ञ सभा सदस्य आशाकाजी श्रेष्ठले धर्तीलाई माया गर्नेहरू..गीत गाएर कार्यक्रम सुरू गर्नुभएको थियो । करिब आठ सय दर्शकहरूको बीच नाटक 'आयो नभन्नु ल' प्रस्तुत गर्न पाउँदा कलाकारहरूले खुसी व्यक्त गरे । श्रेष्ठकै संयोजकत्वको टोलीले १९ जेठमा ललितपुरको धापाखेल स्कुलमा सोही नाटक मञ्चन गर्‍यो ।



## मकवानपुर र बारामा सांस्कृतिक प्रस्तुति

हेटौंडा । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा मकवानपुर र बारामा पनि सञ्चालन गरियो ।

सो अभियानअन्तर्गत कलाकारहरूले २३ जेठमा मकवानपुरको राक्सिराङ स्कुलमा नाटक 'आयो नभन्नु ल' र विभिन्न गीतसंगीत प्रस्तुत गरे । सोही टोलीले २३ जेठमै हेटौंडा बजारको वडा नम्बर १ मा सोही नाटक र सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । आफ्नो समूहले सोही नाटकसहित २४ जेठमा मकवानपुरको सीरखेतमा सांस्कृतिक अभियान सञ्चालन गरेको प्राज्ञ परिषद् सदस्य श्रेष्ठले जानकारी गराउनुभयो । सांस्कृतिक टोलीले २४ जेठमै बारास्थित निजगढको सिंगौलमा पनि सांस्कृतिक कार्यक्रम गरेको थियो । निजगढीबासीले नाटक 'आयो नभन्नु ल' र आफ्ना गीतसंगीत मन पराउँदै नाटकको निकै प्रशंसा गरेको श्रेष्ठले बताउनुभयो ।





# दोलखामा थिएटर थेरापी

दोलखा । गत वैशाखको महाभूकम्पपछि त्यसले पारेको प्रभाव कम गर्न नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रम 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' लिएर प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङ ८ जेठमा दोलखा पुग्नुभएको थियो ।

भूकम्प प्रभावित बालबालिकमा भूकम्पको त्रास घटाउन उहाँले दोलखामा थिएटर थेरापी कार्यक्रम सञ्चालन गर्नुभयो । सो कार्यक्रमबारे उहाँले भन्नुभयो, 'सुरूमा मैले चरिकोट र आसपास चार स्थानका भूकम्पपीडित ३३ जना बालबालिका जम्मा गरेर उनीहरूलाई पाँच दिनसम्म थिएटर थेरापी प्रशिक्षण गराएँ । प्रशिक्षणपछि उनीहरू नै थिएटर थेरापी कार्यक्रम लिएर विभिन्न ठाउँमा गए ।'

८ जेठदेखि १८ जेठसम्म आफ्ना सहयोगी नाट्यक रामबाबु रेग्मीको सहयोगमा प्राज्ञ परिषद् सदस्य गुरूङले त्यहाँ नाट्य थेरापी कार्यक्रम गर्नुभयो । सो थेरापी दोलखाका विभिन्न ९ स्थानमा गरिएको उहाँले जानकारी गराउनु भयो ।

मानिसको भित्री मनका नकारात्मक कुरालाई बहिर ल्याउन यस्ता दमित मानिसलाई सकारात्मक कुराहरू सिकाउने पर्छ भन्ने अभिप्रायसहित सन् १९७५ बाट थिएटर थेरापी सुरू भएको थियो । सोही थेरापीलाई आफूले यसपटक प्रयोग गर्दा निकै उपयोगी भएको पनि प्राज्ञ परिषद् सदस्य गुरूङले जानकारी गराउनुभयो ।

यसरी थिएटर थेरापीको प्रशिक्षण लिएका ३३ जना बालबालिकालाई परिचालन गरेर चरिकोटका विभिन्न ४ स्थानका भूकम्पपीडितहरूको शिविरमा आफूले थिएटर थेरापी गरेको उहाँले जानकारी दिनुभयो । ती बालबालिकले प्रशिक्षणपछि लगातार पाँच दिन थिएटर थेरापी कार्यक्रम प्रस्तुत गरे । सो कार्यक्रम चरिकोटको टुँडिखेल, पाखलतीलगायत आसपासका क्षेत्रमा पुगेर भूकम्प प्रभावितहरूका लागि सञ्चालन गरिएको प्राज्ञ गुरूङले बताउनुभयो ।

## दोलखामा नाचगान र प्रहसन

दोलखा । गत वैशाखको विनाशकारी भूकम्पबाट त्रसित स्थानीयलाई सामान्य जीवनतर्फ फर्काउन नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा ४ असार दिउँसो दोलखाको चरिकोट टुँडिखेलमा 'भूकम्पसम्बन्धी जनचेतना सांस्कृतिक अभियान-२०७२' आयोजना गरियो ।

प्रज्ञा प्रतिष्ठानका उपकुलपति तथा सो कार्यक्रमका संयोजक शम्भुजीत बासकोटाले भूकम्पबारे आफ्ना अनुभव सुनाउँदै सचेत रहन परामर्श दिनुभयो । दर्शकको आग्रहमा उपकुलपति बासकोटाले चट्ट रूमाल क्या मालुम..., लौ लौ लिली आयो नि...जस्ता गीत गाउँदा दर्शकहरू नाचेका थिए । यी गीतमा उपकुलपतिसँगै मञ्चमा चढेर दीपकराज गिरी, दिपाश्री निरौला, जीतु नेपाललगायतका कलाकारहरू पनि नाचेका थिए ।

कार्यक्रममा हास्य कलाकार दीपकराज गिरी र दीपाश्री निरौलाले भूकम्पलाई विषय बनाएर गरेको प्रहसनमा दर्शकहरू खित्का छाडेर हाँसेका थिए । अर्को हास्य कलकार जीतु नेपालको प्रहसन पनि सशक्त थियो । केदार घिमिरे 'माग्ने बुढो'ले भूकम्पकै प्रसंगमा प्रहसन गरेर दर्शकलाई हँसाउनुभयो ।

कार्यक्रममा गायक सत्यराज आचार्य र स्वरूपराज आचार्यले विभिन्न राष्ट्रिय भावनाले ओतप्रोत गीत गाउँदा दर्शकले ताली‌ले साथ दिएका थिए । दर्शकको मागबमेजिम यी कलाकारद्वारा आफ्ना केही चर्चित गीत पनि सुनाइयो । लोक गायकद्वय विरही कार्की र राजु ढकालले आफ्ना लोकदोहोरी गीतबाट दर्शकलाई नचाएका थिए ।

सो कार्यक्रमको स्थानीय संयोजन गरेका कलाकार मदनदास श्रेष्ठले दोलखाको भूकम्पीय अवस्थाबारे चर्चा गर्दै पुनर्निर्माणमा एकजुट भएर लाग्न आग्रह गर्नुभयो । स्थानीय गौरीशंकर सामुदायिक पुस्तकालयले व्यवस्थापन गरेको सो कार्यक्रममा पाँच हजारभन्दा बढी दर्शकको उपस्थिति थियो ।




# पश्चिमाञ्चलका २१ स्थानमा सांस्कृतिक अभियान

*पोखरा । गत वैशाखको विनाशकारी भूकम्पपछि जनधन गुमाएका तथा भूकम्पबाट त्रसित रहेका विद्यार्थी, महिला तथा सर्वसाधारणमा भूकम्पसम्बन्धी त्रास कम गर्दै उनीहरूलाई सामान्य जीवनमा ल्याउन पश्चिमाञ्चलका विभिन्न २१ स्थानमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' सम्पन्न गरियो ।*

*नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा गरिएको पश्चिमाञ्चलका सबै कार्यक्रम प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' को संयोजन रहेको थियो । कार्यक्रम सोचेभन्दा उत्कृष्ट र सफल भएको कुलपति सरूभक्तले बताउनुभयो । सो कार्यक्रम लुम्बिनी अञ्चलमा सम्पन्न गर्न उहाँले डा.मुरारी पराजुलीको संयोजकत्वमा विभिन्न संस्थाका कलाकार, साहित्यकारको टोली गठन गर्नुभएको थियो । टोलीमा बुटबल साहित्य संगम, बुटबल साहित्य कला संगीत प्रतिष्ठान, रेडियो मदनपोखरा, लुम्बिनी वाङ्मय प्रतिष्ठान, बुटवल साहित्य परिषद्, बागेश्वर संगीतालय, अनुराग साहित्य समाजलगायतका संस्थाका कलाकार र साहित्यकारहरूको सहभागिता थियो ।*

*यस्तै, गण्डकी र धौलागिरि अञ्चलका लागि हिमाली सांस्कृतिक परिवारका अध्यक्ष मेनकाजी गुरुङको संयोजकत्वमा अर्को टोली गठन गरिएको छ । यी दुई अञ्चलका विभिन्न स्थानमा सम्पन कार्यक्रममा पोखरा र अन्य क्षेत्रका नृत्य टोलीअन्तर्गत हिमाली सांस्कृतिक परिवार, तरेली सांस्कृतिक परिवार, नवसाधना कला केन्द्र, अनुशील संगीत पाठशाला, गुरुङ फिल्मस् एसोसिएसन, प्राचीन, सुस्मिता डान्स सेन्टरको सहभागिता थियो । यस्तै, यी कार्यक्रममा प्रस्तुत भएको गीत संगीततर्फ तराना म्युजिक सेन्टर, जोजेजु म्युजिक सेन्टर, जेई म्युजिक एकेडेमी, संगीत प्रशिक्षण केन्द्र, गुरुकुल संगीत प्रशिक्षण केन्द्र, सरगम कला केन्द्र, त्रिवेणी संगीतालय, भक्ति संगीत प्रतिष्ठानको सहभागिता थियो । यस्तै, लोकदोहोरी गीत प्रतिष्ठान कास्की, लोकदोहोरी गीत प्रतिष्ठान गण्डकी, झलकमान गन्धर्व सारंगी प्रतिष्ठान, पोखरेली युवा सांस्कृतिक परिवार, लेखनाथ साहित्य प्रतिष्ठान, अलिमिया लोक वाङ्मय प्रतिष्ठानलगायतको सहभागिता थियो । यस्तै, नाट्यकर्मी अनुप बराल, दिया मास्के, रामबाबु रेग्मीले पनि पोखरा र गोरखामा नाट्य थेरापी सम्पन्न गर्नुभएको कुलपति सरूभक्तले जानकारी दिनुभएको छ ।*

## लुम्बिनीका पाँच जिल्लामा सांस्कृतिक अभियान

बुटवल । गत वैशाखको विनाशकारी भूकम्पबाट त्रसित सर्वसाधारणलाई भूकम्पबारे जानकारी दिँदै सामान्य जीवनतर्फ ल्याउन नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले लुम्बिनीको विभिन्न ठाउँमा सांस्कृतिक अभियान आयोजना गऱ्यो ।

प्रतिष्ठानका कुलपति सरूभक्तको संयोजकत्वमा ती कार्यक्रमहरू भएका हुन् । डा. मुरारी पराजुलीको नेतृत्वमा भएका ती कार्यक्रममा स्थानीय कलाकारबाट, नृत्य, गीतसंगीत तथा साहित्यकारहरूबाट कविता, गजल वाचन गरिएको थियो ।

लुम्बिनी अञ्चलका लागि 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०१२' को सुरूवात १८ जेठमा तानसेनको पाल्पाबाट भयो । गीतसंगीत नृत्य, प्रहसन र साहित्य प्रस्तुति रहेको यो कार्यक्रम पाल्पाको दरबार क्षेत्रमा गरिएको थियो ।

सोही कार्यक्रम १८ जेठमै गुल्मीको रिडी बजारमा आयोजना गरियो । स्थानीय




कलाकारसहित सो कार्यक्रममा लुम्बिनी अञ्चलका कलाकार तथा साहित्यकारले आफ्ना कला तथा सिर्जना प्रस्तुत गरेका थिए । कार्यक्रममा भूकम्पसम्बन्धी जनचेतनासमेत दिइएको कुलपति सरूभक्तले बताउनुभयो ।

यस्तै, सोही सांस्कृतिक अभियान २९ जेठमा कपिलवस्तुको जीतपुर बजारमा, रूपन्देहीस्थित देवदहको खैरेनीचोक र नवलपरासीको सुनवल चोकमा आयोजना गरियो । सबै कार्यक्रममा गीतसंगीत, नृत्य, प्रहसन, साहित्य प्रस्तुत गरिएको थियो ।

यस्तै, ३० जेठमा बुटवलका ट्राफिक चोकमा सो सांस्कृतिक अभियान सम्पन्न भयो । प्रतिष्ठानका कुलपति सरूभक्त कार्यक्रममा सहभागी भई भूकम्पले निम्त्याएका समस्या र सर्वसाधारणमा पर्न गएको भूकम्पको प्रभाव कम गर्न यस्ता सांस्कृतिक अभियान गरिएको उहाँले बताउनुभयो । कार्यक्रममा स्थानीय कलाकारहरूले विविध सांस्कृतिक प्रस्तुति दिएका थिए ।

## तनहुँमा सांगीतिक कार्यक्रम

तनहुँ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तको संयोजकत्वमा २२ जेठमा तनहुँको भानु गाविसमाको नारेश्वरटारमा सांगीतिक कार्यक्रम आयोजना गरियो । भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२ अन्तर्गत नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सो कार्यक्रम गरिएको हो ।

टन्टलापुर घामको समेत कुनै पर्वाह नगरी सर्वसाधारणले कार्यक्रममा मनोरञ्जन लिए । कार्यक्रममा कलाकारले भूकम्पसम्बन्धी जनचेतना दिलाउन गीति नाटक र नृत्य पस्केका थिए । लोकगायिका हरिदेवी कोइराला, प्रतिष्ठानका पूर्वसदस्य सचिव तीर्थ श्रेष्ठलगायत पोखराबाट दर्जन कलाकार सांस्कृतिक कार्यक्रम सहभागी हुनुभयो । हिमाली सांस्कृति परिवार पोखराले संयोजन गरेको कार्यक्रममा कलाकार विनित जोजिजु, सागर शाह, श्यामसुङ तामाङ, अक्कल विरही गुरूङलगायतले आफ्ना चर्चित गीतहरू प्रस्तुत गर्नुभएको थियो ।

## लमजुङ, गोरखा र स्याङ्जामा सांगीतिक थेरापी

लमजुङ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तको संयोजकत्वमा २९ असारमा जमजुङको बेसीसहरमा 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' सम्पन्न भयो । गोरे गुरूङको नेतृत्वमा सम्पन्न कार्यक्रममा विभिन्न कलाकारले गीतसंगीत, नृत्य, प्रहसन प्रस्तुत गरेका थिए । यस्तै, ३० जेठमा हिमाली सांस्कृतिक परिवारसहितले प्रतिष्ठानका तर्फबाट गोरखा बजारको टुँडिखेल र स्याङ्जाको पुतलीबजारमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरे । कलाकारहरूले गीतसंगीत, नृत्य, प्रहसनको सफल प्रस्तुतिले गर्दा कार्यक्रममा दर्शकहरूले भरपूर मनोरञ्जन दिए ।

## पोखरा र गोरखामा नाट्य थेरापी

पोखरा । अग्रज नाट्यकर्मी अनुप बरालले भूकम्पबाट त्रसित बालबालिकाहरूलाई साधारण जीवनतर्फ ल्याउन पोखराका तीन विद्यालयमा नाट्य थेरापी कार्यक्रम गर्नुभयो । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको 'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' अन्तर्गत बरालले त्यहाँ नाट्य थेरापी प्रस्तुत गर्नुभएको हो ।

नाट्यकर्मी अनुप बराल र दिया मास्केले २६ जेठमा पोखराको नदीपुरस्थित कन्या उमाविमा, २७ जेठमा लेखनाथको त्रिभुवन शान्ति उमावि र २८ जेठमा सर्दीखोलाको माछापुच्छे उमाविमा नाट्य थेरापी प्रस्तुत गर्नुभयो । उहाँहरूले विभिन्न खेल खेलाएर नाटकको माध्यमबाट विद्यार्थीहरूलाई भूकम्पको त्रास भुलाएर केही समय मनोरञ्जन दिनुभयो । विद्यार्थीका लागि सो नाट्य थेरापी निकै उपयोगी भएको कार्यक्रम संयोजक तथा यस प्रतिष्ठानका कुलपति सरूभक्तले बताउनुभयो ।

यस्तै, रंगकर्मी रामबाबु रेग्मीले पनि सोही समयमा गोरखामा नाट्य थेरापी आयोजना गर्नुभयो । १२ वैशाखको भूकम्पको केन्द्रबिन्दु



गोरखाको बारपाक र गोरखा बजारमा उहाँले नाट्य थेरापी कार्यक्रम प्रस्तुत गर्दै सर्वसाधारणलाई भूकम्पको त्रास भुलाउँदै केही समय मनोरञ्जन दिनुभएको थियो ।

## बाग्लुङ र पर्वतमा सांस्कृतिक कार्यक्रम

बाग्लुङ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तको संयोजकत्वमा पश्चिमाञ्चलका विभिन्न स्थानमा अभियान सम्पन्न गरियो । जसअन्तर्गत २३ जेठमा बाग्लुङ र पर्वतमा सांगीतिक थेरापी तथा सांस्कृतिक कार्यक्रम गरिएको हो ।

बाग्लुङको गणतन्त्र चोकमा आयोजित सांस्कृतिक कार्यक्रम अग्रज गायिका हरिदेवी कोइराला र गायक पदमराज ढकालले लोक तथा राष्ट्रिय भावनाका गीत गाउनुभएको थयो । अलिमिया लोक वाङ्मय प्रतिष्ठान, सप्तरंगी सांस्कृतिक परिवार, प्राचीन समूह, त्रिवेणी संगीतालय, भक्ति संगीत प्रतिष्ठानका तर्फबाट नृत्य, गायन एवं नाटिका प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा कलाकारले मनोरञ्जनसँगै भूकम्पबारे जनचेतना पनि जगाएका थिए । बाग्लुङका प्रमुख जिल्ला अधिकारी, साहित्यकार प्रेम छोटा, काजी रोशनलगायतको कार्यक्रममा सहभागिता थियो । भूकम्पको त्रास कम गर्दै सर्वसाधारणमा राष्ट्रिय भावना जगाउन यस्तो कार्यक्रम गरिएको कुलपति सरूभक्तले बताउनुभयो ।

सोही समूहले बाग्लुङपछि २३ शनिबार दिउँसो पर्वतको कुस्मा बजारमा सांस्कृतिक कार्यक्रम गर्‍यो । पर्वत मिलन क्लबसहित विभिन्न कलाकारले त्यहाँ गीतसंगीत, नृत्य र नाटक प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन दिए । अग्रज कलाकार हरिदेवी कोइराला र पदमराज ढकालको गायन पनि त्यहाँ उत्कृष्ट रह्यो ।

## पोखराको दुई स्थानमा सांस्कृतिक अभियान

पोखरा । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकको समन्वयमा ५ असारमा पोखराको लेखनाथ नगरपालिकास्थित भण्डारढिकको तमु धीं हलमा विविध सांस्कृतिक कार्यक्रम आयोजना गरियो । प्रतिष्ठानका कुलपति सरूभक्तले भूकम्पको प्रभावलाई कम गर्दै सर्वसाधारणलाई सामान्य जीवनतर्फ फर्काउन प्रतिष्ठानले यस्तो कार्यक्रम गर्दै आएको बताउनुभयो ।

'भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियान-२०७२' अन्तर्गत आयोजित सो कार्यक्रममा अग्रज गायिका हरिदेवी कोइरालासहित स्थानीय चर्चित कलाकारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । प्रतिष्ठानद्वारा सोही कार्यक्रम अन्तर्राष्ट्रिय संगीत दिवसको अवसरमा ६ असारमा पोखराको उधोग वाणिज्य संघको हलमा आयोजना गरियो । त्यहाँ पनि अग्रज गायिका हरिदेवी कोइरालाले गीतसंगीत प्रस्तुत गर्नुभएको थियो । स्थानीय हिमाली सांस्कृतिक परिवारका कलाकारको नृत्य र प्रहसनले कार्यक्रमको रौनकता बढाएको थियो । दिउँसो १ बजेबाट अपरान्ह ४ बजेसम्म चलेको सो कार्यक्रममा स्थानीय कलाकारले दर्शकलाई भरपूर मनोरञ्जन दिएका थिए ।

भूकम्पसम्बन्धी सांस्कृतिक जनचेतना अभियानअन्तर्गतको मनोपरामर्श कार्यक्रममाअन्तर्गत अन्तर्राष्ट्रिय संगीत दिवसको अवसर पारेर सांस्कृतिक कार्यक्रम गरिएको प्रतिष्ठानका कुलपति सरूभक्तले जानकारी गराउनुभयो । सो क्रममा पश्चिमाञ्चल क्षेत्रीय प्रशासक दिनेशकुमार थपलिया, प्रतिष्ठानका पूर्वसदस्य सचिव तीर्थ श्रेष्ठले प्रतिष्ठानको कार्यक्रम उत्कृष्ट भएको बताउनुभयो । कार्यक्रमको समापनसँगै नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको पश्चिमाञ्चलको सांस्कृतिक अभियान समापन भएको हो ।

दाङ । गत वैशाखको भूकम्पबाट प्रभावित राप्ती अञ्चलका विभिन्न स्थानमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा 'भूकम्पबारे सांस्कृतिक जनचेतना अभियान-२०७२' सम्पन्न गरियो । प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरको संयोजकत्वमा दाङ, सल्यान र रोल्पामा सांस्कृतिक कार्यक्रम आयोजना गरियो ।

सो कार्यक्रम १२ जेठमा दाङको गौरीगाउँबाट सुरू भएको थियो । सो सांस्कृतिक कार्यक्रममा कलाकारहरू कमल गाउँले, सन्तोष घिमिरे, सन्तोष श्रेष्ठ, उदीराम खड्का, शुभश्री गुभाजू, गीत रेउले, पोषणराज घर्ती, पोषण श्रेष्ठ, गुरूप्रसाद घर्तीले आफ्ना कला प्रस्तुत गरे । यस्तै रेश्मा विक, गोविन्द मधुर, धर्म दुरा, देवकला बस्नेत, सिर्जना घर्तीमगर, टोपेन्द्र विष्ट, शरद विक, र सियाना कला केन्द्रका कलाकारले पनि आ-आफ्नो प्रस्तुति देखाएर दर्शकलाई भरपूर मनोरञ्जन दिलाएका थिए ।

सोही सांस्कृतिक अभियान १३ जेठमा सल्यानको रिमगाउँ पुग्यो । त्यहाँ पनि कलाकारहरूले नृत्य, गायन तथा विविध सांस्कृतिक प्रस्तुति दिएका थिए । स्थानीय दर्शकहरूले भूकम्पको पीडा बिर्सेर कार्यक्रममा सहभागिता जनाए । जसमा कलाकारहरू कमल गाउँले, सन्तोष श्रेष्ठ, उदीराम खड्का, शुभश्री गुभाजू, गीत रेउले, पोषणराज घर्ती, पोषण श्रेष्ठले कला प्रस्तुत गरेका थिए । सोही कार्यक्रममा गुरूप्रसाद घर्ती, रेश्मा विक, धर्म दुरा, देवकला बस्नेत, सिर्जना घर्तीमगर, टोपेन्द्र विष्ट, ग्लोबराज बुढामगरले सांगीतिक तथा सांस्कृतिक मनोरञ्जन दिएका थिए । कार्यक्रम संयोजक पवित्रा घर्तीमगरले भूकम्पबारे जनचेतना जगाउन कार्यक्रम गरिएको बताउनुभयो ।

उहाँकै संयोजकत्वमा १४ जेठमा रोल्पा जिल्लाको बुढागाउँस्थित जनकल्याण मावि सिमपानीमा सो सांस्कृतिक अभियान आयोजना गरियो । जसमा कलाकारहरू कमल गाउँले, सन्तोष श्रेष्ठ, उदीराम खड्का, शुभश्री गुभाजू, गीत रेउले, पोषणराज घर्ती, पोषण श्रेष्ठ, गुरूप्रसाद घर्ती, रेश्मा विक, धर्म दुरा, देवकला बस्नेत, सिर्जना घर्तीमगर, टोपेन्द्र विष्टलगायतद्वारा गीतसंगीत, नृत्य, प्रहसन गरेर दर्शकलाई मनोरञ्जन दिएका थिए ।

प्राज्ञ परिषद् सदस्य घर्तीमगरकै संयोजकत्वमा १५ जेठमा रोल्पाकै बुढागाउँ लिङदुङ-३ स्थित सरस्वती माविमासम्पन्न सांस्कृतिक कार्यक्रम आयोजना गरियो । जसमा कमल गाउँले, सन्तोष श्रेष्ठ, उदीराम खड्का, शुभश्री गुभाजू, गीत रेउले, पोषणराज घर्ती, गुरूप्रसाद घर्ती, रेश्मा विक, धर्म दुरा, देवकला बस्नेत, सिर्जना घर्तीमगर, टोपेन्द्र विष्ट, अंकिता घर्तीमगर, देवबहादुर पुन मगरलगायतले आ-आफ्नो सांस्कृतिक खुराक प्रस्तुत गर्नुभएको थियो ।

१६ जेठमा रोल्पाकै जुगार गाविस नेर्पामा आयोजित सांस्कृतिक कार्यक्रममा पनि दर्शकको उल्लेख्य उपस्थिति रह्यो । त्यहाँ पनि कलाकारहरू कमल गाउँले, सन्तोष श्रेष्ठ, उदीराम खड्का, शुभश्री गुभाजू, गीत रेउले, पोषणराज घर्ती, पोषण श्रेष्ठ, गुरूप्रसाद घर्ती, रेश्मा विक, धर्म दुरा, देवकला बस्नेत, सिर्जना घर्तीमगर, टोपेन्द्र विष्ट, अंकिता घर्तीमगर, देवबहादुर पुन मगर, माधवप्रसाद घर्तीको प्रस्तुति निकै मनोरञ्जक थियो ।

यो सांस्कृतिक अभियान १७ जेठमा रोल्पाको नुवागाउँ गाविसस्थित अरनिको उच्च माविमा सम्पन्न भयो । सो कार्यक्रममा कमल गाउँले, सन्तोष श्रेष्ठ, उदीराम खड्का, शुभश्री गुभाजू, गीत रेउले, पोषणराज घर्ती, पोषण श्रेष्ठ, गुरूप्रसाद घर्ती, रेश्मा विक, धर्म दुरा, देवकला बस्नेत, सिर्जना घर्तीमगर, टोपेन्द्र विष्ट, अंकिता घर्तीमगर, देवबहादुर पुन मगरलगायतका कलाकारले गीत, नाटक, प्रहसन प्रस्तुत गर्दा माहोल सांगीतिक बन्न पुगेको थियो ।

सोही समूहले १८ जेठमा रोल्पाको गैरीगाउँ गाविसस्थित तिला बजारमा सांस्कृतिक कार्यक्रम गऱ्यो । त्यहाँ पनि कमल गाउँले, सन्तोष श्रेष्ठ, उदीराम खड्का, शुभश्री गुभाजू, गीत रेउले, पोषणराज

# राप्तीका तीन जिल्लामा नाचगान र प्रहसन थेरापी



घर्ती, पोषण श्रेष्ठ, गुरूप्रसाद घर्ती, रेश्मा विक, धर्म दुराको प्रस्तुति दमदार रह्यो । यस्तै देवकला बस्नेत, सिर्जना घर्तीमगर, टोपेन्द्र विष्ट, अंकिता घर्तीमगर, देवबहादुर पुन मगर, देवकला परियार, मनिका बुढालगायतका कलाकारद्वारा पनि दर्शकलाई मनोरञ्जन दिइयो । १९ जेठमा रोल्पाकै होलेरीमा सो सांस्कृतिक कार्यक्रम आयोजना गरेर राप्ती अञ्चालको सांस्कृतिक अभियान सम्पन्न भएको कार्यक्रम संयोजक प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले बताउनुभयो । होलेरीमा आयोजित कार्यक्रममा गायक लीला दसौंदी, सन्तोष शर्मा, केशव चन्द, भरत केसीलगायतका कलाकारले गीत, नाटक, प्रहसन प्रस्तुत गरेका थिए । हरेक कार्यक्रममा स्थानीयसँग राहत उठाएर त्यहींका भूकम्पपीडितलाई प्रदान गरिएको पनि उहाँले जानकारी गराउनुभयो ।

# तराईका पाँच जिल्लामा नाट्य थेरापी

जनकपुर । गत वैशाखको विनाशकारी भूकम्पको प्रभाव तराईमा पनि पऱ्यो । तराईका विभिन्न जिल्लामा भूकम्पले जनधनको क्षति पुऱ्यायो । सोही क्रममा तराईका भूकम्पपीडितहरूलाई भूकम्पको त्रासबाट मुक्ति गर्दै सामान्य जीवनतर्फ फर्काउन नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेररञ्जन झाको संयोजकत्वमा तराईका पाँच जिल्लामा नाट्य थेरापी आयोजना गरियो ।

गत १७ जेठबाट उहाँले तराईका जिल्लाहरूमा नाट्य थेरापी सञ्चालन गर्नुभएको थियो । ती जिल्लाका विद्यालयमा विद्यार्थीमाझ यस्तो नाट्य थेरापी आयोजना गरिएको उहाँले बताउनुभयो । जसअन्तर्गत मोरङको झोराहट, सुनसरीको सुनसरीका विद्यायलमा नाट्य थेरापी उहाँले आयोजना गर्नुभयो ।

यस्तै, सप्तरीको राजविराजमा आयोजित नाट्य थेरापीबाट पनि त्यहाँका विभिन्न विद्यालयका विद्यार्थीहरूले मनोरञ्जन लिँदै भूकम्पको त्रास केही समयका लागि बिर्सिएको उहाँले बताउनुभयो ।

सोही अभियान उहाँले सिरहाको सनइठा र धनुषाको जनकपुरका विभिन्न विद्यालयमा आयोजना गर्नुभएको थियो । नाट्य थेरापीमा विद्यार्थीसँगै, शिक्षक र अभिभावकसमेत सहभागी भई मनोरञ्जन लिएका थिए । यसरी पूर्वी र मध्य तराईका जिल्लामा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित सांस्कृतिक अभियानअन्तर्गतको नाट्य थेरापी कार्यक्रम सम्बन्धित स्थानमा प्रशंसनीय र समसामयिक भएको पनि प्राज्ञ परिषद् सदस्य झाले बताउनुभयो ।





# जहरसिंहपौवामा सांस्कृतिक कार्यक्रम

काठमाडौं । जहरसिंह पौवा-हिलेचोर थाना भञ्ज्याङमा २५ जेठमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य पुस्करबहादुर गुरूङको निर्देशनमा भूकम्पपछिको पुनर्निर्माणसम्बन्धी नाटक प्रस्तुत गरियो । प्राज्ञ गुरूङ, कलाकार भोला सापकोटालगायतद्वारा अभियन गरिएको सो नाटकबाट दर्शकले निकै आनन्द लिए ।

प्राज्ञ परिषद् सदस्यद्वय उदय श्रेष्ठ र प्राज्ञ माधव प्रधानले सांगीतिक कार्यक्रमको संयोजन गर्नुभएको थियो । दुवै कार्यक्रममा गीतसंगीत र नृत्यबाट त्यहाँका बालबालिका तथा सर्वसाधारणलाई मनोरञ्जन प्रदान गरियो । प्राज्ञ परिषद् सदस्यद्वयले आफ्ना चर्चित गीतबाट दर्शकको मन सो कार्यक्रममा जित्नुभयो । प्राज्ञ परिषद् सदस्यद्वय तथा अमृत खाती र गीता सेञ्जुरीले गीत गाउँदा स्थानीय भूकम्पको पीडा भुलेर नाच्न पछि परेनन् ।

'महाभूकम्प स्मृति पार्क, भूकम्प संग्रालय निर्माण, भूगर्भ अध्ययन अनुसन्धान केन्द्र स्थापना र भूकम्प प्रतिरोधात्मक नयाँ बस्ती ग्रामीण सहर, आधुनिक सहरी विकास अभियान-२०७२' लाई प्रतिष्ठानले नाटक तथा गीतसंगीतबाट सघाएको हो ।

# सार्क कल्चरलमा नेपाली लोकनृत्य

भुटान । गत ७ देखि ९ अप्रिलमा भुटानको थिम्पुमा सम्पन्न 'सार्क कल्चरल फोक डान्स फेस्टिबल-२०१५'मा नेपालको प्रतिनिधित्व गर्दै नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान सहभागी भयो ।

सो फेस्टिबलका लागि प्रतिष्ठानका कलुपति भक्त श्रेष्ठ 'सरूभक्त' को नेतृत्व र प्रतिष्ठानको नृत्य विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा ८ सदस्य टोली सहभागी भयो । टोलीका कलाकारहरूमा नृत्य निर्देशक प्रदीप हमाल, नृत्य कलाकारहरू दीपेन्द्रकुमार बानियाँ, अञ्जु आले श्रेष्ठ, नन्दा बस्याल, दिलु सोनार र जुनामाया ठकुरी दाहाल हुनुहुन्थ्यो ।

सार्क मुलुकका लोकनृत्यको विकास, विस्तार र सांस्कृतिक आदान प्रदानका लागि आयोजित सो फेस्टिबलमा आयोजक भुटानसहित नेपाल, भारत, बंगलादेश र श्रीलंकाका लोकनृत्य कलाकारहरू सहभागी भएका थिए । फेस्टिबलको पहिलो दिन सहभागी मुलुकका कलाकार तथा प्रतिनिधिले आफ्ना मुलुकका लोकनृत्य र झाँकी प्रस्तुत गरेका थिए । फेस्टिबलमा पहिलो दिन नेपालका तर्फबाट कलाकारहरूले कौडा नृत्य प्रस्तुत गर्नुभएको थियो ।

यस्तै, फेस्टिबलमा दोस्रो दिन यस प्रतिष्ठानका कुलपति सरूभक्तले नेपाली लोकनृत्यबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपालको विविध लोकनृत्यबारे उल्लेखित उहाँको कार्यपत्रलाई सार्क मुलुकका नृत्य कलाकारहरूले चाख मानेर सुनेका थिए । सो कार्यपत्र प्रस्तुतिका क्रममा सोही मञ्चमा प्राज्ञ परिषद् सदस्य माधव प्रधानद्वारा नृत्यटोलीबाट विभिन्न लोकनृत्य झलक प्रस्तुत गराइँदा कार्यक्रमको रौनक बढेको थियो ।

फेस्टिबलको तेस्रो तथा समापनका दिन पनि नेपाली कलाकारहरूले आफ्ना लोकनृत्य प्रस्तुत गरे । तेस्रो दिन नेपालका तर्फबाट त्यहाँ मैथिली नृत्य प्रस्तुत गरिएको थियो । फेस्टिबलको समापन समारोहमा सहभागी सबै मुलुकका प्रतिनिधि र कलाकारलाई भुटानका तर्फबाट प्रशंसापत्र प्रदान गरिएको थियो । १० अप्रिलमा सार्क मुलुकका प्रतिनिधि तथा कलाकारलाई भुटानको संस्कृति मन्त्रालयका तर्फबाट त्यहाँको विभिन्न स्थानको भ्रमण गराइएको थियो ।








# नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका विभाग र विभाग प्रमुख

## संगीत विभाग



**संयोजक**
उन्नति बोहरा 'शीला'



**सह-संयोजक**
उदय श्रेष्ठ

## नाट्य विभाग



**संयोजक**
रमेशरञ्जन झा



**सह-संयोजक**
पुष्करबहादुर गुरूङ

## नृत्य विभाग



**संयोजक**
माधव प्रधान



**सह-संयोजक**
पवित्रा घर्तीमगर

## लोक संगीत विभाग




**संयोजक**
पवित्रा घर्तीमगर



**सह-संयोजक**
माधव प्रधान

## शास्त्रीय तथा परम्परागत संगीत विभाग



**संयोजक**
उदय श्रेष्ठ



**सह-संयोजक**
उन्नति बोहरा 'शीला'

## रंगमञ्च विभाग



**संयोजक**
पुष्करबहादुर गुरूङ



**सह-संयोजक**
रमेशरञ्जन झा


२०७२ वैशाख/असार
**प्राज्ञिक संसार** Academia
Music-Drama Bulletin
संगीत-नाट्य बुलेटिन

**प्रकाशक**
नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. - ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं. : ४४२८४०७
Email : info@nsmuda.org.np
website : www.namuda.org.np

**प्रधानसम्पादक :**
गणेश रसिक
**कार्यकारी सम्पादक :**
डब्बु क्षत्री
**तस्बिर :**
नरेन्द्र खड्का
**साजसज्जा :**
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
सरुभक्त
शम्भुजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नति बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरूङ
माधव प्रधान
रमेशरञ्जन झा